जल, जमीन र जंगल हाम्रो सरोकार, कृषि क्षेत्रको विकास अर्थतन्त्रको आधार

# कृषि जर्नल
Agriculture Journal
मासिक

कृषि जर्नल २०८१ भाद्र (krishijournal–2024, (August-September)

## निजी क्षेत्रको सहभागीता विना कृषि क्षेत्रको विकास असम्भव

## कृषि मन्त्री : रामनाथ अधिकारी

## IFAD Inaugurates new Nepal Country Office













दर्ता नं. का.जि.प्र.का.द.नं. १३६/०६२/०६३
जल, जमीन र जंगल हाम्रो सरोकार, कृषि क्षेत्रको अर्थतन्त्रको आधार

# कृषि जर्नल
Agriculture Journal मासिक

काठमाडौं जि.प्र.का.द.नं. १३६/०६२/०६३

वर्ष–२०, अङ्क १२२ भाद्र ०८१






## यस अङ्कमा

१. निजी क्षेत्रको सहभागीता ... मन्त्री अधिकारी ३
२. नेपालको तरकारी कतारसम्म ....... ५
३. कृषि देश र जनताको अभियान ...... ६
४. भानुको उत्पादन अब रैथाने हाट बजारमा ....... ९
५. गुल्मीमा गुढ उद्योग खोल्ने तयारी ...... ११
६. जथाभावी विषादीको प्रयोग गर्दा ....... १२
७. फलफूलबाट जाम बनाउने तरिका ..... १३
८. कृषिमा महिलाहरूको योगदान ....... १५
९. मेथी खेती प्रविधि १६
१०. नियमित बजार अनुगमनमा गुण .......... १७
११. नार्कका कृषि वैज्ञानिकहरू माग .......... १८
१२. कृषि यन्त्र मर्मत तथा सम्भार तालिम ....... १९
१३. संयुक्त राष्ट्र संघ कृषि संगठनको ....... २१
१४. गाजर खेती प्रविधि २२
१५. उत्पादकत्व वृद्धि गर्न ...... २३
१६. स्याउ खेती प्रविधि २४
**17. IFAD Inaugurates new Nepal ..... 27**
**18.IFAD and Bhutan Reinforce ..... 28**
**19. FAO Delivers 2 400 veterinary... 29**
**20. A Seed of Contention turns......... 30**
**21. IFAD and Lesotho to Jointly ..... 31**
**22. WFP Temporarily Suspends..... 32**
**23. CAP Should Empower ...... 33**
**24. Youth Camp & Agrilympics ....... 35**
**25. Partners of the Caribbean: ...... 36**




व्यक्तिगत मूल्य रु. १००/-
संस्थागत मूल्य रु. २००/-

प्रकाशक : कृषि सूचना तथा सञ्चार प्रविधि प्रकाशन प्रा.लि
सल्लाहकार : कृष्ण कोपिला, छविन्द्रराज कँडेल
प्रधान सम्पादक : धनबहादुर मगर
मुख्य कार्यालय : बागबजार २८, टौखेल मच्छेगाउँ ९, चन्द्रागिरी नगरपालिका
फोन : ०१४२८८७४३, मोबाईल नं. ९८४१४४५७५३, मुद्रण : प्रिन्ट स्काई, भुरुङ्खेल, काठमाडौं
**website** : www.krishijournal.com.np, इमेल : krishijournal@yahoo.com

# खाद्य संकटबाट टार्न कृषि कर्म गरौं

सम्पादकीय



नेपाल कृषि प्रधान देश हो । यहाँको सम्पूर्ण भू-भागको १५ प्रतिशत हिमाल, ६८ पतिशत पहाड, १७ पतिशत तराई क्षत्रले ओगटेको छ । देशका करिव ६५ प्रतिशत जनता कृषिमा आश्रित रहेका छन् । देशको सम्पूर्ण जनसंख्या नपुग ३ करोडका हाराहारीमा रहेकोछ । ति जनसंख्या मध्ये ३५-४० लाख भारतीय भूमिमा रोजगारीका लागि भौतारि रहेका छन् । ४० लाख युवाहरू खाडी लगायतका देशमा रोजगारीका लागि विदेशिएका छन् । यसरी देशभित्र रोजगारीको रुपमा हेर्दा ८० प्रतिशत रोजगार नेपालमा कृषि क्षेत्रले दिएको छ । हामीसँग भएको भौगोलिक बनावटले कृषि, पयटन, जलविद्यत, लगायतका क्षेत्र मात्र व्यवसायका लागि उपुयुक्त देखिन्छ । हामीले हाम्रो परम्परागत ज्ञान, शिपको उपयोग गर्दै कृषि क्षेत्रको भरपुर सदुपयोग गर्नमात्र सक्यौं भने पनि देश आर्थिक उन्नतिको बाटोमा जानेछ । तर, दुर्भाग्य हामीले देशभित्र ६५ प्रतिशत जनातले आर्जेको पेशा कृषि व्यवसायबाट खानपनि पुग्दैन र हामीले वार्षिक रुपमा अनुमानित ५४ अर्ब रुपैयाँको कृषिवस्तु विदेशबाट आयत गरी खानु परेको छ । यो विडम्वनाको विषय हो ।

राज्यले आफ्नो पहुँच गाउँपालिकासम्म सेवा केन्द, उपकेन्द्र मार्फत, पुऱ्याई रहँदा समेत राज्यकोतर्फबाट कुल बजेटको ३ प्रतिशत मात्र बजेट कृषि क्षेत्रमा लगानी गरेको छ । देशको बढ्दो जनसख्या अनि घट्दो कृषि उत्पादनले देशलाई कमजोर अर्थतन्त्रमा दरिन सहयोग पुऱ्याएको छ । देश विकासको लागि कर्म गर्ने युवा जो ४५ प्रतिशत कुल जनसंख्या करिव एकतिहाई युवा जनशक्ति विदेशी भूमिमा रोजगारीका लागि भौताररिहेका छन् । आज कतार, दुवही, साउदी, मलशिया, यूरोप, अमेरिकामा रहेका छन् । मित्र राष्ट्र भारतको कुरा त धेरै नजिकको कुरा हो । पानी पँधेरो जस्तै भईसकेको छ । यस्तो अवस्थामा देशमै बसेर केही गर्ने वातावरण सरकारबाट गर्न सकेको छैन । त्यसका लागि वृहत युवा लक्षित कार्यक्रमहरू ल्याएर अनुभूति हुने गरी विभिन्न क्षेत्रको व्यवसायमा आत्मस्वाभिमानका साथ काम गरेर खाने वातावरण बन्नु पर्छ ।

राज्यले युवाहरूका लागि वैदेशिक रोजगारको विकल्प दिन सकेन भने देशको अवस्था पहिलो त युवा विहिन हुन पुग्छ भने अर्कोतिर देशको अर्थतन्त्र झनै कमजोर बन्दै जान्छ ।

सबैभन्दा सम्भावना बोकेको क्षेत्र भनेको नेपालको लागि कृषि नै हो । अझै पनि हामीसँग कृषि गर्ने भू(भाग बाँकी नै छ । भएको भू-भागहरूमा राम्ररी कृषि गर्न सक्यौं भने खाद्यमा हामीलाई सकस पर्दैन तर समय आज ठीक उल्टो भईदिएको छ । त्यहाँ भएको भूमिलाई उपयोग गर्न सकेका छैनौं । भएका जमिनहरू लगभग ३० देखि ३५ प्रतिशतको हाराहारीमा बाँझो भयो भनेर तथ्याङ्क बाहिर आएको छ । हामीले प्रशस्त मात्रामा कृषि उपज उत्पादन गर्न सकेकोका खण्डमा देशको उत्पादन भण्डारण गरेर दिगो खाद्य संकटलाई सहयोग पुऱ्याउन सक्छ ।

कृषिजन्यवस्तु आफ्नै देशमा खपत हुने र बढी भएको विदेशमा पैठारी गर्न सकिन्छ । यसले नेपालको अर्थतन्त्र पनि बलियो हुन्छ । हिजो गाउँमा छँदा अन्न बेसाएको जाति मान्दैनथ्यो । उ फलानाको घरमा अन्न सकेछ । बेसाएर ल्याएको छ भनेर कुरा काट्नेहरूको कमी हुन्नथ्यो । तर आज नबेसाईकन त सुखै छैन । बाहिर गई कमाएर हुन्छ वा बजारबाट खरीद गरेर खानु परेको अवस्था छ ।

समय परिवर्तन भएको छ । रोजगारको लागि जानु ठूलो कुरो होइन । तर नेपालको अन्नबालीनै उत्पादन नहुने गरी श्रमशक्ति बाहिर जाँदा नेपालको कृषि खाद्य प्रणालीमा ठूलो हानी पुगेको सबैलाई थाहा छ । बढ्दो शहरी क्षेत्रको विस्तार, बढ्दै गरेको शहर केन्द्रीत जनसंख्याको चाप हेर्दा नेपाल मात्र होइन विश्वलाई चिन्तित पार्ने तस्वीर अगाडि आएको पाइन्छ । हाम्रो जस्तो देशमा कृषिको विकल्पमा अरु हुन सक्दैन । खानु त पऱ्यो सबैलाई भोको बस्न सकिदैन । त्यसैले कृषि हिजो पनि, आज पनि र भोली पनि कृषिको महत्व रही रहन्छ । अवसरको क्षेत्र भनेको कृषि नै हो । चाहे जलवायूसँग जुध्न किन नपरोस्, चाहे देश देश बिचमा हुने द्वन्द्व, चाहे चर्को महामारी, भोकमरी, मानिसलाई जोगाउने भनेको कृषि नै प्रमुख साधान हो ।

विश्व अहिले खाद्यन्न सञ्चयतर्फ अघि बढेको छ । प्राय : कतिपय देशहरू दश वर्षसम्म पुग्ने खाद्यन्न मौज्दात रहेको हौवा पिटीरहेको अवस्था छ । हामी चाहीँ न सरकारलाई चिन्ता छ न युवाहरूलाई आफ्नो व्यक्तिगत स्वार्थमा लिप्त भएर लागि रहेको पाइन्छ । आफ्नो देशलाई खाद्यान्नबाट खान पुग्ने समेत उत्पादन गर्न नसकेर खाद्यान्न आयत गर्नु परेको अवस्था छ । यो अवस्थाको अन्त्य गर्न सबैले आ-आफ्नो ठाउँबाट योगदान दिनु पर्छ । हामीसँग अथाह प्राकृतिक स्रोत प्रचुर मात्रामा छन् । त्यसको उपयोग गर्न हामीले अघि बढ्नु पर्छ । नेपालमा बढ्दै गएको खाद्य संकट टार्ने भनेको हामीले नै हो । कथंकदाचित विदेशबाट आउने खाद्यान्न नेपालमा किनेर ल्याउन सक्ने बातावरण भएन भने हामीले आफ्नो ज्यान गुमाउने भन्दा अर्को विकल्प रहँदैन । हामीले थोरै मात्रामा कल्पना गर्दा पनि थाहा हुन्छ कि अफ्रिकी देशहरूमा भोकमरीको समस्य हुँदा लाखौं मानिसले ज्यान गुमाउनु परेको भुल्नु हुँदैन । हाम्रो लागि त्यो एउटा सिक्नु पनि इतिहास हो । तयो इतिहास सिकेर अवसरमा बदल्नु पर्छ ।

# निजी क्षेत्रको सहभागीता विना कृषि दशक सफल हुन्न : मन्त्री अधिकारी

*कृषिको व्यवसायीकरण, प्रविधिको विकास, बजारीकरण, कृषिमा पूर्वाधारको विकास र लगानी राम्रो अवसर, आवश्यकता, कर्तव्य पनि हो । लगानी दशक घोषणा गरेको छ ।*



काठमाडौं भाद्र १४, मुक्तिनाथ कृषि कम्पनीको छैठौं वार्षिकोत्सव तथा साधारण सभाको अवसरमा 'लगानी दशका सफल बनाउने जिम्मेवारी, सार्वजनिक निजी सहकारीको साझैदारी' नारासहित कृषि तथा पशुपन्छी विकास मन्त्री रामनाथ अभिकारीको प्रमुख आतिथ्यमा साधारणसभा सम्पन्न भएको छ ।

कृषि मन्त्री रामनाथ अधिकारीले मलाई पनि गाउमै बसेर कृषि गर्ने र गाउँमै बसेर चामल बेसाउने पर्न उद्देश्य बोकेको छु । मुक्तिनाथ कम्पनीलाई अग्रणी भुमिका खेलेकोमा धन्यवाद दिन चाहन्छु । काम गरेर देखाउनु पर्ने ठाउँमा पुगेको छु । इमान्दारिताका साथ किसानको पक्षमा काम गर्ने प्रतिवद्धता बोकेको छु ।

धेरै जसो मन्त्रीहरु थिए । गरीब व्यक्तिहरुलाई माथि उठाउने प्रयास भएको छ । ग्रामीण कृषकहरुमा रहेको गरिवी न्यूनिकरण गर्ने, पेटको भोक मेटाउने मन्त्रालय र किसान बिच भेट गर्नु पर्ने जरुरी छ । कृषिको व्यवसायीकरण, प्रविधिको विकास, बजारीकरण, कृषिमा पूर्वाधारको विकास र लगानी राम्रो अवसर, आवश्यकता, कर्तव्य पनि हो । लगानी दशक घोषणा गरेको छ । बजेट यही आवमा ३ प्रतिशतको हाराहारीमा रहेकोको छ । बजेट प्रर्याप्त छैन । लगानी बढाउन सहजीकरण आवश्यकता देखिन्छ । कृषि क्षेत्रको व्यवसायीकरणका लागि आधुनिकीकरण र निजी क्षेत्रको सहभागीता विना कृषि दशक सफल हुने सम्भव छैन । करार खेती, लगानी किसानमैत्री र बजारीकरणलाई सहकारी निजी क्षेत्र स्थानीय तह, प्रदेश, संघीय मन्त्रालय कृषिमा लगाउने लगानी गर्ने तह पहिचान गर्न जरुरी छ । कृषि लगानी दशक कार्यन्वयन गरि सार्वजनिक निजी सहकारी तयारी गर्न आवश्यक छ । तयारी समिति गठन भएको छ । निजी क्षेत्रको रुपमा समेत तयारीका साथ मुक्तिनाथ कृषि कम्पनी अगाडि आएको छ । यसले संघ-संस्थाहरु, ग्रामीण क्षेत्रका किसानहरुको स्तरीकरण हुने समेत विस्वास लिएको छ । सवाल जवाफ भन्दा पनि काम गरौं ।

उक्त अवसरमा कम्पनीका प्रबन्ध निर्देशक भरतराज ढकालले ६ वर्षको अध्ययन अनुसन्धानको प्रतिफल स्वरुप सरकारसँग साधन स्रोतको भएको कारण सहकार्य गरेर अगाडि बढ्न लागेको बताए ।

समुदायमा आधारित कृषि क्षेत्रको विकास र विस्तार हुन नसक्दा सरकारले घोषण गरेको लक्ष्य हासिल हुन नसकेको बताए । 'कृषि विकासमा संस्थागत सिकाइको अभावको कारण देखिन्छ । छरिएको कृषिलाई एकीकृत गर्ने कृषि मन्त्रालयको प्राविधिक सहयोगमा किसानको उत्पादनको उचित मूल्य र निजी क्षेत्रलाई जिम्मेवारी बनाई, किसानले उत्पादन गर्न नसक्नाले समस्या आएको छ । युवालाई कृषिमा टिकाउन ७ प्रकारको नीतिलाई प्राथमिकता दिएर सहकारी, साझैदारी कार्यक्रमलाई अगाडि बढाउनु पर्ने बताए । खाद्य साक्षरता अभियान, जलवायू परिवर्तन, रासायनिम मल, सिँचाई लगायत कार्यक्रमलाई जोडदिनुपर्ने बताए ।

खाडी मुलुकमा निर्यात, पशुपालन, नश्ल सुधार गर्ने । कृषिलाई अगाडि बढाउन साना भन्दा सानो काम पनि अगाडि बढाउनु पर्छ ।

कम्पनीले नेपालमा सुन कागती फस्टाउने भएकाले स्याङ्जा, जिल्लाको पानी नजम्ने ठाउँमा लगाएको बताए । साथै मौसमी, वेमौसमी खेती गर्नु पर्ने कुरामा जोड दिए । कम्पनीका महाप्रबन्धक रामशरण तिमिल्सिनाले कार्यपत्र प्रस्तुत गर्दै 'कृषिमा लगानी दशक सफलताका लागि सार्वजनिक, निजी, सहकारी, साझेदारी सम्बन्धी कार्यपत्र सीमक्षा' को प्रस्तुत गरेका थिए ।

कार्यपत्रको सार संक्षेपःमा नेपालको भूगोल, हावापानी, उत्पादन कृषि सम्बन्धी क्षेत्रगत तथ्याङ्कहरु सरकारी क्षेत्र, सहकारी क्षेत्र, निजी क्षेत्र गैर सरकारी क्षेत्र, कम्पनी ६२ हजार कृषि सम्बन्धी उद्योगमा दर्ता भएकोमा ६ प्रतिशतमा ३ खर्ब ६० अर्ब लगानी सहकारीमा ४ खर्व ३६ अर्ब ५० प्रतिशत लगानी कृषिमा भएको, २०० भन्दा बढी आइएनजिओ र ५० हजार एनजीओले दर्ता भई उत्पादन कार्यमा सहभागी रहेको जनाएको छ ।

अन्नबाली कोदो, दलहन, तेलबाली, प्रविधि र परामर्शमा न्यून् लगानी, सतह सिँचाई, उत्पादनको साधनहरुको कमी, खाद्य टिकाउयोग्य खाद्य बालीको विकास, बजारको ग्यारेन्टी सुनिस्चित गर्न कम्पनीले काम गर्ने जनाएको छ । ३ खर्बको आयत भएकोमा आयत घटाउन समेत कम्पनीको जोड रहने जनाएको छ ।

संविधानमा खाद्यान्न, भूमि, निजी क्षेत्र र सहकारी कृषिमा लगानी सरकारको प्राथमिकता १६ वटामा ८ वटा संविधानमा खाद्या सुरक्षा, भूमि, निजी क्षेत्र र सहकारी कृषिमा लगानीमा सरकारको प्राथमिकता, १६ वटा कृषि क्षेत्रसँगै सम्बन्धित कार्यक्षेत्र सहभागीता आदिलाई कार्यपत्रमा जोड दिइएको छ ।

उद्योग वाणिज्य महासंघका उपाध्यक्ष हेमराज ढकालले उद्योग क्षेत्रमा बजेट बढ्यो । भुटान र बंगलादेशमा जस्तै कृषि प्रवर्द्धन नगर्ने हो भने कृषि पछि पर्छ । कृषिको योगदान २७ प्रतिशत छ । आज पनि अर्थतन्त्रलाई डोऱ्याउने कृषि नै हो । कृषिमा बजेट हुनुपऱ्यो । कृषि मन्त्रालयको शसक्त गर्ने रणनीति गरौं । ८० प्रतिशत अनुदान दिएर औजारहरु वितरण भयो । औजार छ एक चोटी चलाएपछि फाल्नु पर्छ । मुक्तिनाथ टिमले आफ्नो उत्पादन विस्तार गरेको छ ।

गाउँपालिका महासंघका अध्यक्ष मीना पाण्डेले गाउँको उत्पादन शहरमा ल्याउन र शहरको पैसा गाउँमा पुऱ्याउन राम्रो कुरा हो । यसका लागि ४६० गाउँपालिकामा मैले पुऱ्याउन सक्छ । नागरिकसँग जोडिनु पर्यटनको विकास गरिनु पर्छ । नागरिककलाई सहयोग पुऱ्याउनु मञ्चमा भाषण गर्ने जस्तो काम होइन । संघीय कृषि मन्त्री आम नागरिकसँग जोडिएको छ । पहिला बाँच्ने र निरोगी हुने हो । कृषि अभियानको रुपमा शुरु गरियन भने भोली ठूलो चुनौती आउनेछ ।

नगरपालिका महासंघका अध्यक्ष तथा निलकण्ठ नगरपालिकाका अध्यक्ष भीमप्रसाद ढुंगानाले आधार स्तम्भनै सहकारी हो । ८१/८२ को बजेटमा सरकारले कृषिमा लगानी दशक घोषणा गरेको छ । तालिम र उत्पादनको क्षेत्रमा मुक्तिनाथ कृषि कम्पनी अगाडि छ । अनुदान कृषकको खातामा पुऱ्याउने राम्रो काम गरेको छ । खाद्य सुरक्षा, पौष्टिक खाद्य, संविधानमा उल्लेख भएअनुसार सार्वभौमसत्ता सम्पन्न जनतामा पुग्नु पर्छ ।

योजना आयोगको नीतिहरु कार्यन्वयनमा लग्नेकी नलग्ने ? दुःखको कुरा योजना आयोगले के गरेको छ ? मन्त्रीले चित्तलाई फराकिलो बनाउनु पर्छ । कृषिलाई आधुनिकीकरण, वैज्ञानिकीकरण, यान्त्रीकीकरण गर्नु पर्छ भनेको छ । त्यस विषयमा जोडदिनु पर्छ । आयतमा आधारित गर्ने कुराहरू बोर्डरमा चेक हुन्छ कि हुन्न ? २४ घण्टा ल्याव टेष्ट टिक्न सकेन । यताबाट पठाएको वस्तु ल्याव टेष्ट गर्नुपर्ने, उताबाट आउने वस्तुको ल्याव टेष्ट गर्नु नपर्ने !

गोर्खाको गण्डकी गाउँपालिकाको ६१ जना किसान परिवार क्यान्सरको विरामी देखिएको छ । रैथानेबाली कहाँ पुऱ्यायो ? १९ वर्षदेखि सञ्चालनमा छैन यदि रैथानी बाली पुऱ्याउन सक्ने योजना बनाउन सकेन भने हामी बोइलर हुन्छ । त्याव टेष्ट नगरिकन नेपालमा भित्रीनु दिन्न भनेर निर्णय गर्नु पर्छ । २० वर्षे कृषि रणनीति खोज्नु दफा अनुसार कार्यन्वयन गरेको छ कि छैन । कृषि अनुसन्धान परिषद् अनुसन्धानको क्षेत्रमा के गर्दैछ ? ५ वर्षभित्र जनप्रतिनिधी भएर कृषिलाई रिएक्टीभेट गर्न जरुरी छ । रैथानेका स्रोतहरु मसिदै गएका छन् । ठूला फाँटहरु घरेडीका डल्ला भएका छन् । त्यहाँका फाँटहरु उत्पादन विहिन भए भने के गर्ने ? होलिस्टिक, भनेर जानुपर्छ । २०७१ भाद्र २४ मा आनन्द प्रसाद पोखरेलको रिपोर्ट बनाएको थियो त्यसलाई कार्यन्वयन गर्ने की ।

१० वर्षको स्थानीय बजार गएको छ । स्थानीय प्रदेश र संघीय सरकार नीतिगत तहमा एकाकार भएर जान सकेनौं भने ठूलो समस्या आउन सक्छ ।

राष्ट्रिय किसान आयोगका सदस्य पुष्पा भुसालले लगानीको लागि पहिलो कुरा उठेको छ । विकास साझेदारी पालिकाको समन्वयमा बजेटलाई समग्र रुपमा हेऱ्यो भने कम भएपनि त्यति सानो होइन । कृषि क्षेत्रामा सम्भावनाको विषय छ । लगानी आकर्षण कसरी गर्ने भन्ने विषयमा सोच्नु पर्छ ।

कृषि विकास मन्त्रालयका सहसचिव डा.राजेन्द्र मिश्रले कृषि मन्त्रलायमा पहिलो कुरा हामीले खोजेको विषय त्यही थियो । सरकार सहजीकरण मात्र हो । कृषि विकासको प्रणालीमा पूर्व प्राचीन माटोको स्वाद अन्न उत्पादन गरेर खान पाउँदा हरेक हिसाबले राम्रो हुन्छ । समय व्यापारको आवश्यता सम्पन्नताको घरपरिवार, जिल्ला, देशमा व्यापार छन् । कुनैपनि देश व्यापार भएन भने सम्पन्नता हुन्न । साना माध्यम वर्गको लागि कृषिमा लगानी गर्नु अवसर छ । यो अभियान परियोजना होइन । एक पालिकामा म १ वटा फलफूल बगैंचा ७५३ वटा हुन्छ । हिमालको फेदीसम्म बाटो पुगेको छ । आज हाम्रो उत्पादनले भरिनुको सट्टा विदेशी उत्पादनले भरिएको छ । हामी यही अवस्थामा रहयौं भने तहसनहस हुन्छौं । लगानी गरौं, पैसा फल्ने गरि, विदेशी पस्ने लगानी गरौं । विदेशी पस्ने कोही छैन । गाउँ छोड्ने, नबनाउने हो । बैंककमा जाने हो । जापान लगायत देशमा समेत एडीएस कार्यन्वनममा छ । एडीएस संघीय मन्त्रालयको मात्र होइन । कृषि अनुसन्धान परिषद् नयाँ सोँचका साथ आगाडि बढेको छ ।

संघीयता मन्त्रालयको चिन्ता गाउँ पालिकाहरुले घरेडीकरण गर्ने होइन । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले राम्रो काम गरेको छ । धेरै राम्रो होइन, ६५ प्रतिशत फार्म स्थानीय प्रदेशले गर्छ ।

राष्ट्रिय योजना आयोगको सदस्य ६०/७० शाहले बजेट रासायनिक मलमा खर्च गरिरहेका छौं । निर्वाहमुखी कृषिबाट परम्परागत कृषिबाट अगाडि बढ्न सकेनौं भने र प्याराडिग्म सिफ्ट हुन्छ र साना तिना सुधार बाहेक कृषिमा अरु देखिने छैनौं ।

वि.सं. २०८१-९१लाई सरकारले कृषिमा लगानी दशक घोषणा गरेको छ । आज सवा १ करोड युवा विदेशमा छन् । फिलिपिन्समा पनि त्यतिनै धेरै युवाहरु विदेशमा काम गर्न गएका छन् । उनीहरुको देशपनि त्यतिधेरै अगाडि बढ्न चाहीं सकेको छैन । भएको संरचना हेरेर एग्री फरेष्ट्रीमा पनि जोडदिनु पर्ने हो । टुरिजम अर्गानिक फोरममा लानु पर्छ । कृषि प्राविधिकको परिकल्पनामा जानुपर्छ । कृषि मन्त्रालयको एक्लो कार्यन्वयन गर्न सकेन भन्ने लाग्छ । कृषि दशक सफल बनाउन हाम्रो गरिबी घटाउने र रोजगार बढाउने हो । रोजगार सिर्जना गर्ने कृषि हो । कृषिलार्य अगाडि बढाउनु पछ ।

प्रचुर सम्भावना भएको क्षेत्र कृषिनै हो । १० लाख हेक्टर खेतीयोग्य जमिन बाँझो छ । उपभोक्ताको माग बढ्दो छ । जलवायू परिवर्तन सम्भावना छ ।

**नेपालमा प्रमुख समस्याहरु**

एकीकृत नीतिको अभाव, निजी क्षेत्रको न्यून् लगानी र संस्थागत संरक्षणको विकास भएको छैन । युवाहरुलाई आकर्षण गर्न सकिन्न ।

कृषि दशक घोषणा

नीति सुधार

अन्तरमन्त्रालय बीच समन्वय र सहकार्य आधारमा लगानी गर्न सक्छ । कृषिको लगानी दशकमा नीतिगत सुधार अन्तरमन्त्रालयको अन्तरसम्बन्ध जरुरी छ । परिणाम र आउटपुटको आधारमा लगानीको गर्न सक्छ । भूमि बैंक, केराखेती र खाद्य बजार सञ्चालन ऐन संस्थागत कृषि मुल्य श्रृँखला व्यवस्थापन निजी क्षेत्रको सहभागीता कृषि मूल्य क्षेत्रमा खाद्य व्यवसायमा निजी क्षेत्रको संस्थागत आवद्धता ।

'सरकारीमा आधारित कृषि क्षेत्रहरु स्रोत केन्द्रमा आधारित साना किसानलाई सहकारी मार्फत किसान परिचय पत्र  वितरण ।

स्थानीय संरचना र कृषि परियोजनाको स्थानीय बाली रैथाने बालीका लागि प्राथमिकता ।

स्थानीय, प्रदेश र संघस्तरीय परियोजना, कृषिमा लगानी र प्राथमिकता नीतिगत उत्पादन, उद्योग बजार लगानीको वातावरण ठूलो सिँचाई औजालाई निजी क्षेत्रको सहभागीता गर्नु पर्छ ।

जुडिबुटीबाट ठूलो आर्थिक परिवर्तन, साँढे ५ अर्ब निजी क्षेत्रमा आउनु पर्छ ।

सहकारी महासंघका अध्यक्ष ओम देवी मल्लले नगरपालिका र गाउँपालिका निजी

**बाँकी १० पृष्ठमा**

# नेपालको तरकारी कतारसम्म : दक्षिणकाली तरकारी निर्यात गर्ने पहिलो नगरपालिका

टाटेसिमी र अकबरे खुर्सानी पठाइयो

कीर्तिपुर काठमाडौं भाद्र २८, उपत्यकाको कम बजेट भएको र उद्योगधन्दासमेत खासै नभएको नगरपालिकामा गनिने दक्षिणकाली नगरपालिका खाडी राष्ट्र कतारमा तरकारी निर्यात गर्ने पहिलो नगरपालिका बन्न पुगेको छ। स्थानीय किसान प्रकाश बलामीका अनुसार बिहीबार २० जना किसानको रैथाने



कृषि उपज टाटेसिमी कुल सात सय किलोग्राम र अकबरे खुर्सानी कतारतर्फ पठाइएको छ।

"यसरी बाहिर पठाउँदा स्थानीय बजारमा पठाएभन्दा बढी मेहनत र खर्च लागे पनि राम्रो भाउ पाइन्छ", किसान बलामीको भनाइ छ। नगरपालिकाको वडा नं ९ स्थित आफ्नै १३ रोपनी र भाडामा लिएको सात रोपनी गरी २० रोपनी जमिनमा कृषिकर्म गरिरहेका बलामीले जग्गाको अधिकांश भागमा टाटेसिमी नै लगाएकाछन्।

"गाईवस्तुको मल हाल्दा धेरै र लामो समयसम्म फल्दोरहेछ", बलामीको अनुभव छ। साउनबाट फल्न सुरु गर्ने टाटेसिमी कडा तुषारोले नभेटेमा माघसम्म नै फलिरहने उनको भनाइ छ।

कृषिमा निर्यात गर्दै आएका संस्थाहरूले टाटेसिमीको निर्यात सम्भावना देखेपछि दक्षिणकालीका किसानलाई सो बाली लगाउन प्रोत्साहन गरेका थिए। प्रायः काउली र काँक्रो लगाइरहेका किसानले पनि दुवै बालीमा रोग कीरा बढ्न थालेपछि वैकल्पिक बाली खोजिरहेका थिए। यस्तैमा ललितपुरस्थित कृषि विकास कार्यालयले किसान समूहलाई रु तीन लाख अनुदान दिएको जानकारी पनि उनले दिए। तरकारी निर्यातका लागि भने एक एग्रोजस्ता संस्थाले किसानलाई सघाउँदै आएका छन्।

अब नासपाती र लप्सी पनि निर्यात गर्न पाए हुने थियो, बलामी थप्छन्। कोरोनाकालमा 'लकडाउन'का कारण

*दक्षिणकाली नगरपालिकाकी कृषि शाखा प्रमुख पविता राईका अनुसार नगरपालिकाका विभिन्न स्थानमा गरी करिब ३२ रोपनी जमिनमा अर्को महत्वपूर्ण नगदेबालीका रूपमा जिम्बुको खेती हुन्छ।*

लाखौंका लप्सी खेर गएको पनि उनले बताए।

अर्का किसान गीता बलामी महिलामध्ये ठूलो परिमाणमा खेती गर्नेमा पर्छिन। आफू १७ वर्षको हुँदा कारितास नेपालले दिएको अर्ग्यानिक खेतीसम्बन्धी तालिमबाट कृषिकर्ममा प्रवेश गरेकी उनले बिहीबार भण्डै तीन सय केजी टाटेसिमी निर्यातका लागि पठाएकीथिन्। वर्षायामभरि टाटेसिमी र खुर्सानीको खेती र हिँउदभरि लप्सीको क्याण्डी बनाएर बेच्ने उनी पनि लप्सी निर्यात गर्नसके फर्पिङका किसानले थप फाइदा पाउने बताईन्। बालबच्चा सानो भएका कारण केही वर्षयता लप्सीको क्याण्डी बनाउने काम रोक्नुपरेको थियो। विदेश पठाउन सकिने अवस्था आए फेरि त्यो उद्योग सुरु गर्न चाहन्छु, उनको भनाइ छ।

यसबारे कुरा गर्दै नगरपालिका प्रमुख मोहनबहादुर बस्नेतले कृषिबाटै नगरपालिकाले समृद्धि हासिल गर्न सक्छ भन्ने मनन् गरी विदेश निर्यात हुनेगरी उत्पादन गर्न किसानलाई प्रोत्साहन गरिएको बताए। दक्षिणकाली नगरपालिकाकी कृषि शाखा प्रमुख पविता राईका अनुसार नगरपालिकाका विभिन्न स्थानमा गरी करिब ३२ रोपनी जमिनमा अर्को महत्वपूर्ण नगदेबालीका रूपमा जिम्बुको खेती हुन्छ। जिम्बु दाल, तरकारी अचार आदिमा विशेष स्वाद कायम गर्न प्रयोग हुन्छ। विगतमा हिमाली क्षेत्रमात्र स्रोत रहेका जिम्बुलाई हिमाली क्षेत्र मुस्ताङबाट ल्याइएका बीउले अहिले फर्पिङभरि फैलिएका छन्। नगरपालिकाका करिब ६५ घरका किसानले जिम्बुखेती गरेका छन्। हरेक घरले प्रतिमहिना दुईदेखि तीन क्विन्टल जिम्बु बेच्छन्। वर्षायाममा त १५-१५ दिनमै काटिरहेका हुन्छन्, राई बताउछन्।

जिम्बुलगायतका खेतका आली र डिलमा फूल र फलफूलको खेती गरेर थप आम्दानी गर्न समेत किसान हौसिएका छन्। सुरुमा घरवरपर त्यत्तिकै उम्रिएका फूल लगेर दक्षिणकाली मन्दिरका आउने दर्शनार्थीलाई बेच्दै शुरु भएको थियो फर्पिङमा फूल व्यवसाय। अहिले अन्यत्रसमेत निर्यात गर्नेगरी फैलिएको छ। मौसमी फूल बटुलेर बेच्ने स्थानीय किसान विगत चार(पाँच वर्षयता प्लाष्टिक टनेलमा बेमौसमी फूलखेती गर्ने भएका छन्। स्थानीय जातका गोदावरी र मखमलीको खेती खास सिजनमा मात्र हुने गरेको छभने फर्पिङमा कलकत्ते जात भनिने सयपत्रीको खेती सधैं हुने गरेको छ।

नगरप्रमुख बस्नेतका अनुसार नगरपालिकाले कृषिलाई आफ्नो प्रमुख उत्पादन मानेको छ। कृषिमा पनि परम्परागत निर्वाहमुखी बालीलाई भन्दा निर्यातको सम्भावना रहेका तरकारी, फलफूल र लप्सीजस्ता उत्पादन विगत चार दशकयता हुँदै आएको छ। 'फर्पिङको नासपाती' परम्परागत प्रसिद्ध ब्राण्ड हो।

# कृषि देश र जनताको अभियान हो कृषि मन्त्री : बागमती प्रदेश



काठमाडौं भाद्र ८, बागमती प्रदेशका कृषि मन्त्री प्रकाश श्रेष्ठले सरकार प्रति जनताको धरै आशा छ। बागमती कृषि प्रदेश मन्त्रालयले किसान, महिला र युवाहरुको घरघरमा आउनेछ। बजेट विनियोजन भएपछि। प्रेसर आउँछ। बागतमीमा किसानहरुकहाँ बजेट कम पुग्छ। अन्य कार्यक्रम उद्योग वाणिज्य, भुमि र उद्यमशील तालिमा र कर्जाको सिफारिस गर्ने गरेको छ। बजेट बनाउने अवसर पाए दूरदुराजको नामै कितेर वास्तविक किसान र उद्यमीहरु यसपालीको कार्यक्रममा महिला उद्यमशील कार्यक्रम भनेर ल्याएको छ। महिला उद्यमशील विकास कार्यक्रममार्फत आउनुहोस्। नेपालको रैथाने बालीको खोजी, पहिचान गरेर प्रवर्द्धन गर्ने काम गर्नु पर्‍यो। बुझ्ने मन्त्री आएको छ। पालिकाका अध्यक्षहरूलाई गाली गर्थ्यो। ५० प्रतिशत बजेट दिने गरेको छ।

११८ पालिका प्रमुखलाई अभियानमा जोड्नु पर्छ। कृषि क्षेत्रको हिजो के थियो के खाएर यति ठूलो भयो भनेर सोध्ने गर्छौं। सबैभन्दा महत्वपुर्ण स्वास्थ्यलाई प्राथमिकता दिने हो। पाठ्यक्रम सुधार गर्ने सोँचमा सरकार छ। वजेटमा दिन्छौ घर(घरमा सहयोग हुन्छ। हामी आफ्नो पहिचानलाई गुमाई रहेका छौं। अब आउने नयाँ पुस्तालाई नयाँ शिक्षा दिनु र अभ्यास गराउनु पर्छ। कृषि पाठशाला स्थापना हुनु पर्छ।

हाम्रो पैसा अष्ट्रेलिया, अमेरिका जान्छ अब उनीहरूलाई सामाजिक रुपमा ल्याएर काम गर्नुपर्छ। समुदायको धेरै काम गर्नु बाँकी छ। ११८ पालिकामा कृषि क्षेत्रको मूल्य श्रृँखला भनेर २५ लाखसम्म दिन्छौं। वास्तविक किसानहरूसँग धेरै पैसा हुन्न। किसानलाई ५०/५० प्रतिशत अनुदान दिने कार्यविधि संशोधन गरेर २०/८० प्रतिशत कार्यविधि बनाउनु पर्छ। अघिल्लो सरकारको पालामा ५० प्रतिशत अनुदान दिने कार्यविधि थियो।

विषय विज्ञसँगको कुरै गर्दैनौं। विषय विज्ञसाँग चाहीँ सल्लाह गर्नुपर्छ। ११८ पालिकामा प्रदर्शन गरौं। किसानहरूको ठूलो अभियान छ र राज्य छैन कि जस्तो आभास हुन्छ। ३६ प्रतिशत व्याजमा ऋण लिएर काउली खेती गरेको हुन्छ।

१/२ प्रतिशत व्याज बाहेक बाँकी सरकारले तिरीदिने योजना बनाउँछु। नीति सम्वाद कार्यक्रम हेटौंडामा बोलाउँछौं।

बागमती प्रदेश सरकारले शित भण्डार बनाएका छौं। हस्तान्तरण पाएको छैन। गाइभैसी पाल्ने किसानहरु निराश छन्। कृषिमा ४८ देखि ५२ प्रतिशत मलमा खर्च भएको छ। पाउडर प्लान्ट सञ्चालन भएपछि प्रदेशको दूध खेरा जाँदैन। प्रविधि हस्तान्तरण कार्यक्रममा ५०/५० प्रतिशत भनेता पनि ३०/७० को कार्यविधि बनाउँछौं। र कृषि ज्ञान केन्द्र, कृषि विकास केन्द्रको नामले फरिएको छ। एक प्राङ्गारिक मल कारखाना अनुदान कार्यक्रम गरेका छौं।

काठमाडौंका जनतालाई प्राङ्गारिक खेती उत्पादन गर्न संघीय र स्थानीय सरकारले सहयोग गर्नुपर्छ। ११८ पालिकामा रैथाने हाट बजार सञ्चालन गर्नुपर्छ। किसानका लागि व्याज अनुदान र जग्गा भाडा विशेष केरा खेतीका लागि बजेट छुट्याएको छ। जग्गा भाडा मासिक दिनुपर्छ की वर्षमा असल किसान प्रवर्द्धन कार्यक्रम छ। छान्ने काम तपाइहरुको हो। असल किसान कार्यक्रम राखेको छ।

पश्चिम भेगीय कार्य कृषि उद्योगको जोडिएर आउँछ। कृषि विकास प्रवर्द्धन विकास ऐन छ। विज्ञ सल्लाहकार समन्वय समिति छ। समुदायसँग मिलेर जाने हो। हिजो चुनाव लडियो पार्टीबाट हो तर सबैको समस्या साझा भएर काम गर्ने हो। कृषि विकास समन्वय समिति रैथाने कृषिमा लाग्नेहरु रहेछ। म कृषि क्षेत्रमै काम गरेर आएको व्यक्ति हुँ।

पालिका, प्रदेश र संघीय सरकारले संरचनागत रुपमा गर्ने। ७६ करोड पालिकामा हस्तान्तरण गरेका छौं। २ अर्ब भन्दा माथि कृषि विकासमा खर्च भएको छ। १०० प्रतिशत नभनौं ९५ प्रतिशत चाहीँ कर कटाएर गर्ने योजना छ। प्रभावकारी रुपमा वजेट खर्चिने योजना छ। यस आवको ६ करोड बजेट तालिमको लागि छुट्याएको छ। यो अभियान तपाइहरूको मात्र होइन देश र जनताको अभियान हो।

रैथाने हाट बजारका अध्यक्ष तिलक ढकालले रैथाने नेपालको संस्कृति भएकोले त्यसलाई रैथानेमा लाने संस्कतिको विकास गर्नु पर्ने बताए।

नेपालको बालीहरु कोदो, फापर, चिनो, कागुने, कृषि जैविक विविधता बोकेको छ। आफू पनि रोप्ने र अरुलाई पनि रोप्न लगाउने, हरेक कृषि जैविक विविधता बाँच्ने थियो। कृषि विविधता जगाउने,

एउटा उपाय बिउ जोगाउने हो। खाद्य सुरक्षाका लागि बीउ जगाउनु पर्छ। बहुर्राष्ट्रिय कम्पनीले बीउ रोकिदिए भने नेपालमा खाद्य सुरक्षा हुन सक्दैन। जलवायूसँग जुध्न सक्ने खाद्य बाली हराउँदै गयो। जङ्क फुडको कारण कुपोषण हुने क्रम बढ्दो छ। कुपोषणको कारण मानिसको स्वास्थ्यमा असर पर्दै आएको छ। विषादीको कारण मानव स्वास्थ्य र प्रकृतिको स्वास्थ्य बिग्रेको छ। स्थानीय रैथाने संस्कृति होम स्टेको कारण जोगिएको हो। छलफल गरेर गाउँको उत्पादन शहरमा रैथाने खाना घर घरमा नारालाई विस्तार गरौ अनि मात्र रैथाने बाली संरक्षण हुन सक्छ।

किसानले उत्पादन गरेको वस्तुलाई उत्पादन, बजारीकरण, उत्पादन र उपभोक्ता व्यक्ति, समूह र सहकारी मिलेर गरौं। संक्षिप्त कार्यपत्र प्रस्तुत गर्दै भने।

**चुनौतीहरू :**

रैथाने हाट बजारसँग १० हजार किसान जोडिएको छ। ७५ वटा समूह, सहकारीमार्फत संकलन भण्डारण र खोज, अध्ययन, अनुसन्धान, कृषि उपज संकलन, रैथाने उत्पादन परिणाम अमर्यादित उत्पादन खानपिनमा अत्याधिक विषादी पस्न थालेको छ।

**अवसर :**

मौलिक खाना पयर्टकको खाना प्रतिको बदलिदो सोँच ग्रामीण सरोकारका विषय हुन्। जलवायू परिवर्तन अनुकुलन खेती,

कृषि जैविक विविधता संरक्षण, खोज अध्ययन, अनुसन्धान (ज्ञान सीप) साना किसानसम्म पुग्ने रैथाने खाना हो । बागमति प्रदेशमा केही त्यही मौलिकता सीप र ज्ञानलाई कार्ययोजनाको हिसाबमा अगाडि बढाउनु पर्छ ।

**अबको हाम्रो सोच :**

बागमती कोशोली घर निर्माण

गाउँको उत्पादन शहरमा, रैथाने खाना घर(घरमा, बजार विस्तार गर्दै रैथाने कृषि हाट बजार प्रर्वद्धन गर्न जरुरी छ । आज कृष्ण श्याङतानलाई 'सिस्नु स्याङ्तान'को रुपमा चिन्न थालेको छ । कोशेली घरका त्यहीको उत्पादन बेच्ने हो । १३ जिल्लाका खाना खान पाइयोस् । हस्तकला ब्राण्डिङ गरेर कालो दालको मश्यौरा, लगायत परिकारहरू विश्व भरिनै लैजान सक्छ । बागमती कोशेली घर बनाउने रहर छ । यसले जिल्ला, जिल्लामा रोजगारको सिर्जना गर्छ ।

**लिनु पर्ने रणनीतिः**

अध्ययन अनुसन्धान अभिलेखीकरण, रैथाने बाली सूचिकृत र सरलीकरण, एकपालिका एक रैथाने कृषि हाट बजार स्थापना गर्नु पर्छ । रसुवाको उत्तरगया गाउँपालिका, मकवानपुर जिल्लाको गढी गाउँपालिका उत्पादनलाई नेपाली बजारसम्म ल्याउने हो ।

**खाना पयर्टन, खाना विविधीकरणमा जोड :**

(साना किसानका लागि परिक्षण ल्याव रैथाने ज्ञान केन्द्रीत सिप तथा ज्ञान प्रस्तुतिकरण लगायत (स्थानीय कृषि उपजहरुको ब्राण्डिङमा जोड (कोशेली घर सञ्चालन व्यवस्थापन स्थानीय उत्पादन बीच स्थानीय रोजगार सिर्जना गर्छ । ५ वटा उत्पादन ब्राण्डिङ गरी । ५० वटा कृषि उपजहरु अन्तर्राष्ट्रिय बजारमा पठाऔं । नेपालीले मात्र नभई अरुले पनि हेर्नु सकौं भन्ने कार्यक्रम अगाडि बढाउनु पर्छ ।

-कृष्ण स्याङ्तान, दुप्चेस्वर वडा नं.(१, घ्याङफेदी नुवाकोट, ३ वर्ष बेलायत बसे । गरीबको खाना भनेर चिनिएको सिस्नु, सिस्नु खाएपछि धेरै प्रकारका रोगहरु निको हुने स्वास्थको लागि अति उपयोगी पाँच सय जतिलाई हाट बजार मार्फत सिस्नु कसरी खाने भनेर सिकाएको छु । सिस्नु डाइरेक्ट खाना नजाने पनि मिश्रित रुपमा खानु पर्छ । सिस्नु खेती गर्न माग गर्दछु । भूकम्प पछि बाँझो रहेको जमिनमा खेती गर्ने योजना छ । १० लाख १ वर्ष भित्र ५००० केजी, ५०० केजी अहिले पनि बेच्दै आएको छु ।

**लोकल भए**

-आइपीएम प्राविधिक श्याम श्रेष्ठले पश्चिम भेगिय आइपीएम कृषक समूह शुरुमा कारितास नेपालको ओरन्टिेशन तालिममा सहभागी भएर खेतीमा लागेको बताए । शुरुमा १७ जनाबाट ३२, हाल ५७ जना पुगेको छ । हामी आइपीएम पद्धतिमा खेती गर्न विस्तार सक्षम छौं । अहिले खेती २ सय रोपनीमा विस्तार भएको छ ।

(राजेश मल्ल रैथाने एग्री प्रोडक्सट चिनाउने वर्कशपमा जाने हो । रैथाने बाली लगाउने हो भने सानैदेखि बनाउने जानकारी दिनुपर्छ ।

-मराठी दाँत दुख्नेलाई रामवाण हो । आउने पुस्ता उपभोग र उत्पादक पनि हो । पाठ्याक्रम कसरी बनाउने भनेर सिकाउनु पर्छ ।

**(मस्यौरा**

(बुढानिल्कण्ठ निवासी तथा समाजसेवी रोज प्रधानले आफ्नो व्यवसाय छोडेर १६ वर्ष देखी अनाथ बच्चाहरुलाई संरक्षण गर्छु भनेर लागेको छु । अहिले रैथानेसँग जोडिएर पछि भ्याइनभ्याइ भएको छ । इलेक्ट्रीकल भन्दा सोलार प्यानलबाट धेरै काम गर्न सजिलो हुन्छ ।

-बुढानिल्कठक निवासी वसुन्धरा श्रेष्ठ : आफूले बदाम महत्व बारेमा यसरी खानु पर्छ है भनेर तालिमहरु दिन चाहेको बताए ।

-बुढानिल्कण्ठ निवासी प्रतिमा थापा कार्कीले आफू वातारवणको विद्यार्थी भएको र वातावरण सम्बन्धी काम बातावरण संरक्षण गर्न पनि सहयोग पुग्ने र कपडाको स्यानिटरी प्याडले स्वास्थ्यलाई हानी नगर्ने भएका कपडाको प्याड बनाउने गरेको बताए । बजारमा पाइने स्यानिटरी प्याडभन्दा ३ गुना सस्तो केमिकल नहुने, रैथाने प्रविधि हो । त्यसलाई सेकुर हो प्याड सरकारले निशुल्क बाँडेको छ ।

-सोही नगरपालिकाकै निवासी दिगो नेपालका अध्यक्ष अञ्जना मल्लले दैनिक रुपमा घरायसी रुपमा प्रयोग हुने घिरौलाको जालोबाट सामानहरू बनाउने काम गरेको बताइन् । लोकल मार्केटमा समस्या छ यो काममा १०५ जना दिदीबहिनीहरु सहभागी छन् । हाटे समानहरु गुणस्तरीय बनाउनु पर्छ । ३०० जना जनशक्ति भयो भने निर्यात पनि गर्न सक्छौं ।

**वित्तीय साक्षरता :**

-बुढानिल्कण्ठ नगरपालिका कपनका शर्मिला गुरुङले आफू रैथानी भन्दा फरक किसिमको चुरा, पोटे, माला र स्थानीय कच्चा पदार्थ महिलाहरूले लगाउने साजसजाको समान तयार गरी बिक्री वितरण गर्ने गरेको बताए । रुद्राक्ष, बुद्धचितबाट पनि सामानहरु पनि बन्दछ । मेशिनहरुको आवश्यकता पर्दछ । पछि गएर अन्तर्राष्ट्रिय बजारसम्म पुर्‍याउने लक्ष्य छ ।

पश्चिम भेगीय आइपिएम कृषक समूहका अध्यक्ष पुष्पकाजी श्रेष्ठले चन्द्रागिरी, तारकेश्वरका लागि बजेटको व्यवस्थापन गरिदिनु आग्रह गरे ।

-पश्चिम भेगीय आइपिएम कृषक समूहका सचिव जोश्ना खत्रीले चन्द्रागिरी नगरपालिकाका कृषिलाई प्राथमिकता र महिला किसानहरुको जीवनस्तर बढाउने, ढुवानी खर्च, कृषि एम्बुलेन्सको व्यवस्था गरियोस् भनि आग्रह गरेका छन् ।

-गोसाईकुण्ड गाउपालिकाका अध्यक्ष माधवप्रसाद अर्यालले रसुवा जिल्लामा आफू २०५४ मा गोसाईकुण्ठ गाविस अध्यक्ष भएको बताउँदै उत्पादनमा आफ्ना पालिकाका किसानहरूलाई कसरी जोड्ने भन्ने विषय चिन्ता व्यक्त गरेका छन् । वर्षमा कृषिमा १ करोड भन्दा बढी अनुदान खर्च हुन्थ्यो । त्यति पैसा सकिएको छ । नतिजा केही भएन वफरसँग छलफल गरेर १६ समुह एकवडामा युवाहरुको समूह गठन गरेका थिथौं । शुरुमा घाँसको बीउ, २ वर्षको लागि २ करोड २० लाख अनुदान सहयोगको लागि छुट्यायौं ।

**दूध, ओखर :**

-२५ सय केजी बोरा पालिकाले किन्यो । बाखा खोर सुधार एउटा खोर लाई १५ हजारका दरले अनुदान सहयोग दियौं । शुरुमा बीउ बोका बाँड्यौं, दुध व्यवसायीहरुमा डिडिसीले दिदैन भन्ने छाप परेको छ ।

-ऋणको व्यवस्थापन व्यवसायिक ढंगले गाईपालन गर्ने योजना छ । अकबरे खुर्सानी उत्पादन उपभोक्ता बिच जोड्न काम गर्नु पर्छ । यसमा किसानलाई उत्पादनमा नजोडिकन युवाहरूलाई गाउँमा टिकाउन सक्दैन । गाउँमा अडाउने काम कृषि नै हो । कृषि एम्बुलेन्स, दूधमा विविधकरण राम्रो ट्रेण्डको विकास भएका छ ।

उक्त कार्यक्रममा कृषि साहित्यकार शिव आचार्यले रैथाने कृषिका बारेमा कविता वाचन गरेका थिए ।

कविले आफ्नै गाउँ तादी, शिखरवेसी दुप्चेश्वरमा कृषक समूह बनाएर कृषि गरेको छन् ।

लुकेरबसेको रैथाने बाली हेला गरेको छ । विदेशबाट वेसाईएको खाद्य वस्तु क्याप्सुलको रुपमा खाइरहेका छौं ।

# रूख कटहर खेती प्रविधि

**परिचय :**
रूखकटहर खेती नगण्य रूपमा भइराखेको छ। जो मासु खाँदैन त्यसले बढी तरकारीको रूपमा खाने गरेको देखिन्छ। कलिलो अवस्थामा यसलाई बोक्रा ताछी टुक्रा गरी



झोल नराखीकन तेलमा भुटेर खान साह्रै मीठो हुन्छ। पाकेको फलबाहिरको बोक्राभन्दा भित्रको भाग फल खाई बियाँ भुटेर खान स्वादिलो हुन्छ।

**हावापानी :**
यसको खेती समुद्रसतहबाट १,२०० मिटरसम्ममा गर्न सकिन्छ। तुषारो र सुक्खा सहन नसक्ने भएकोले माथि उल्लेख भएको उचाइमा खेती गर्न उपयुक्त हुन्छ।

**माटो :**
मलिलोपन, कम मलिलोपन भएको, पानी जम्न नहुने निकासको व्यवस्था हनपर्ने र पिएच ५.५-७० सम्म भएको माटो राम्रो हुन्छ।

**बिरुवा रोप्ने समय :**
यसको बिरुवा बीउ र गुदीबाट मात्र उत्पादन गरी बिक्रीवितरण भइआएको छ। जति हाँगाहरू फैलिएका छन् ती हाँगाहरूमा इनारचिङ गरेर बिरुवा उत्पादन गर्न सकिन्छ। यसरी तयार भएको बिरुवा एक बोटबाट अर्को बोट १२-१५ मिटर फरक गरी खाल्डो खन्नुपर्छ। पाकेको
कम्पोस्ट १५-२० केजी माटोमा मिलाई खाल्डोमा राख्नुपर्छ। खाल्डोको मुख्य बीचमा प्लान्टिङ बोर्डको सहायताले यसरी तयार भएको खाल्डोमा जेठअसारमा बिरुवा रोप्नुपर्छ। वर्षात सुरु हुने समयमा रोपिने भएकोले रोपेको दिन पानी झारीबाट दिएमा अरू दिन वर्षात हुने भएकोले पानी दिन आवश्यक छैन। यो बिरुवा रोपेको बगैँचामा घुसुवा बाली अदुवा, कफी, अलैँची आदि लगाउन सकिन्छ।

**गुटीबाट बिरुवा तयार गर्ने तरिका :**
१) हाँगामा ३ सेमि सबै बोक्रा झिकेको,
२) बोक्रा झिकेको हाँगामा सफा गरेको,
३) प्लास्टिकमा भ्याउ बिछ्याई त्यसमाथि मलिलो माटो राखेको,
४) प्लास्टिकले गोलो बनाएको,
५) प्लास्टिकको तलमाथि सुतलीले बाँधेको,

**रोग र कीरा :**
कलिला हाँगाहरूमा लाही कीराले आक्रमण गर्ने भएकोले धनवान या फेनफेन विषादी एक १ लिटर पानीमा २ मिलि राखी स्प्रे गर्ने।

**प्वाल पार्ने कीरा**
हाँगामा लाग्ने कीराले नोक्सानी गर्ने भएकोले तार या मट्टितेलमा कपास डुबाई प्वालमा राख्ने वा कीरा लागेको हाँगा सिकेचरले काटी बालिदिने या डोम, फेनफेन यीमध्ये कुनै एक विषादी १ लिटर पानीमा २( ३ मिलि राखी छर्नाले कीरा नियन्त्रण हुन्छ।

**रोग :**
फल कुहिने रोगले केही मात्रामा आक्रमण गर्ने भएकोले फूल फुलिसकेपछि र फल आँपजस्तो भइसकेपछि पोलिराम एक लिटर पानीमा ४ ग्राम राखी छर्नाले रोग नियन्त्रण हुन्छ।

# कृषि वैज्ञानिकहरूले गरे परिषद्मा तालावन्दी




ललितपुरको खुमलटारस्थित नेपाल कृषि अनुसन्धान परिषद् नार्क मा कार्यरत वैज्ञानिक कर्मचारीहरुले आजदेखि परिषद् अन्तर्गतका सबै कार्यालयहरुमा अतिआवश्यक बाहेकका कामकाज बन्द गर्ने घोषणा गरेका छन्। पशुपन्छी तथा माछाको दानापानी, बालीनालीमा सिंचाइ, मलखाद र औषधि उपचार बाहेकका सबै कामकाज बन्द गर्ने उनीहरुको भनाइ छ। आज पहिलो दिन नार्कका निमित्त कार्यकारी निर्देशक दोजराज खनालको कार्यकक्षमा तालाबन्दी गरिएको नार्कका आन्दोलनरत वैज्ञानिक दीपक अधिकारीले जानकारी दिए। केन्द्रीय कार्यालयमा तालाबन्दी, अन्य कार्यालयमा पेन डाउन, कार्यकालका ४ पांग्रे गाडी प्रयोगमा निषेधलगायतका आन्दोलनका कार्यक्रम पनि गर्ने अधिकारीले बताए। आज हामीले निमित्त कार्यकारी निर्देशकको कार्यकक्षमा ताला लगायौं', अधिकारीले भने,'मातहतका कार्यालयका साथीहरुलाई हाम्रो आन्दोलनका कार्यक्रम अनुसार गर्न भनेका छौं।' नार्कमा कार्यरत वैज्ञानिक कर्मचारीहरुलाई विभेदकारी ढंगबाट कम हुने गरी तलबमान कायम गरिएको भन्दै उनीहरु आन्दोलनरत छन्।त्यस सम्बन्धि रिटमा ललितपुरको पुल्चोकस्थित उच्च अदालत पाटनले समानताको आधारमा तलबमान निर्धारण गरी कार्यान्वयन गराउन परमादेश जारी गरे पनि परिषद् व्यवस्थापन कार्यान्वयनमा उदासिन देखिएको भन्दै कर्मचारीहरु विरोधमा छन्। उनीहरुले परिषद्लाई अनिर्णयको बन्दी बनाएको आरोप लगाउँदै परिषद्का कार्यकारी निर्देशक, निर्देशक र कानुनी सल्लाहकारको राजीनामा मागेका छन्।

यस्तै, लेखा प्रशासनमुखी र व्यक्ति केन्द्रित चलखेल बन्द गर्न तथा ऐन, विनिमय, सांगठनिक संरचना तथा हाल अलपत्र रहेका पदपूर्तिमा पनि यथाशीघ्र निकास दिन माग गरेका छन्। वैज्ञानिक तथा प्राविधिक

**बाँकी ........**

# भानुको उत्पादन अब रैथाने हाट बजारमा

सोच र शासन पद्धतिमा लगाव सँग जोडेर गऱ्यौं भने जहाँ पनि सकारात्मक उर्जाको विकास हुन्छ। परिवार त परिवार होनी पयर्टन जहाँ पनि गर्नु सक्छ। भानुभक्तको टोपी, कपाल नभएको मान्छेलाई काइयो बेच्नु सक्नुपर्छ। कलकतामा रविन्द्रनाथ टैगार भनेपछि सबैले भन पराउँछ। कृषिले पर्यटन हेर्न आउने विदेशीले ५० तला घर हेर्न आउने होइन। नेपालमा बाहिरको उत्पादनमा रैथाने, बाहेक केही पनि भित्र्याउन दिनुहुन्न।

स्थानीय उत्पादनलाई पर्यटनसँग जोड्नु पर्छ।

कृषि विज्ञ तथा प्रा. छवि पौडेलले कृषि पर्यटन फस्टाउने भनेको रैथाने हो। कृषि पर्यटनको रुपमा अगाडि बढाउन सम्भावना देख्छु। संरक्षण गर्ने उपाय भनेको सदुपयोग हो। कर्णालीमा स्याउको उत्पादन घट्न थालेको छ। मह, मौरी घट्दो छ। मौरी भएन भने उत्पादन बढ्दैन।

भानु नगरपालिकाका उप-प्रमुख उमा गोतामेले भानु नगरपालिकामा उत्पादन भएको जैविक विविधतामा आधारित उत्पादन यस ठाउँमा देखाउन पाउँदा खुशी लागेको बताईन्। भानुमा रैथाने र जैविक विविधता सहितको मौरी पालन गरेका गर्छौं। हाम्रो देश कृषि प्रधान देश हो। बाँझो जमिन राख्नु हुन्न भनेर सब लागेका छौं। अझ आफ्नो ठाउँमा उत्पादन भएका सामाग्री उत्पादन गरेर आत्मनिर्भर हुनसक्छौं भनेर लागेका छौं। कृषि जैविक विविधताको कार्यक्रम गरिरहेका छौं।

विषादी रहित उत्पादन खुवाउन सके उपभोक्ता स्वास्थ्य बन्छ। स्वच्छ वातारवाण सँग जोडिएको छ। दूधकोशीबाट बेचेको आलु बेच्न ल्याउने भए।

कृषि ज्ञान केन्द्रका प्रमुख विनोद थापाले कार्यपत्र प्रस्तुत गर्दै भने भानु नगरपालिका भित्र भानु नगरपालिकामा ४५ हजार ७ सय ९२ जनसंख्या भएको, जैविक विविधतामा केही वर्षदेखि ह्रास आएको छ। जलवायू परिवर्तनका कारण परिस्थितिय प्रणालीमा संकट आएको। स्थानीय खाद्य संस्कृतिक संरक्षण गर्नु परम्परागत ज्ञानशीप जगेर्ना गर्न भानु नगरपालिका लागि परेको,



*वहुराष्ट्रिय कम्पनीले बीउ दिएन भने हाम्रो कृषि समाप्त हुन्छ। रैथाने भटमास किन्ने र बेच्चे मात्र होइन। रैथानले ५० जिल्लाका ४ सय किसानहरूबाट कृषि उपज खरिद गरेर उपभोक्ता सम्म पुऱ्याउँछौं।*

१३ वटै वडामा धान, मकै, कादो, आलु, अलैँची सुन्तला खेति गरिएको, खेती किसानी गर्न ८ महिना सिँचाई गर्न नसकेको, कागुनो, मास, बोडी भटमास, लिची, भीरमौरी आदि पाइने गरेको आफ्नो कार्यपत्रमा जनाएको छ।

**समस्या र चुनौंती :**

खतबारी बाँझो, लगानी आकषर्ण, कोषको अभाव, रैथानै बाली हराउँदै गएको, सहकारी निजी स्थानीय जातहरु लोप हुने गएको छ।

उन्नत जाति रैथानै बाली, रैथानी बाली बीउको अभाव जंगली जनवारको बिगबिगी र बढ्दै गएको,

कृषिमा अध्ययन, अनुसन्धान, अनुगमन र मुल्याङ्कनमा जोडदिनु पर्ने कार्यपत्र प्रस्तुत गरेका थिए।

भानु नगरपालिकाका संरक्षण समिति अध्यक्ष विकल अधिकारीले जैविक विविधता हराउँदै गएको बताए। अहिले ४ गाइने किरा लोप हुन लागेको बताउँदै, हाइब्रिड जातको मकै बीउ जिन भित्र्याउनु दिनु विचार व्यक्त गरेका थिए। सकेसम्म स्थानीय गाई, खसी, बोका, कानचुच्चा कति फरक छन्। पूर्ण स्वाथ्यकर हराएर गयो। सरकारको तर्फबाट अनुदानलाई व्यवस्थित गर्न सरकारले निगरानी गर्नु पर्छ। ५ लाख ५० हजार अनुदान दिएको थियो। गाई अनुदान लिएर गयो गाई बेच्यो। तलदेखि माथिसम्म आधा जमिन भानुमै बाँझो बनेको छ। पालिकाले समूहको माध्यमबाट भानु नगरपालिकामा कृषि कार्यक्रमलाई जोडदिने लक्ष्य छ।

नेपाल डेरी एशोसिएसनका अध्यक्ष प्रल्हाद दाहालले देशव्यापी मही अभियान शुरु गरियो टिकाई राख्ने चुनौती आएको बताए। काठमाडौंमा शुरु गऱ्यौं। जिल्ला जिल्लामा बढेकोछ। मही खाने कार्यक्रम स्कुल स्कुलमा विस्तार गर्नु पर्ने बताउँदै हाम्रो संस्कृति हामीले बचाएनौं भने अरु कसले बचाउने ? कृषि बाहेक अरु कुराको कुनै अर्थ नभएको बताए। राष्ट्रिय नाँचघरमा विशेष सांस्कृतिक कार्यक्रममा मही खुवाएर कार्यक्रम शुरु गरिन्छ।

कृषि विज्ञ ध्रुव पौडेलले उत्पादन मात्र नभई बजारीकरण कसरी गर्ने भन्ने विषयमा जोड दिनु पर्ने बताए। रैथाने सम्भ्याता संस्कृति कति महत्वपूर्ण हुन्छ सबैलाई थाहा छ। संस्कृति र सभ्यातको संरक्षण गर्ने पर्छ। हाट बजार अभियानको सूचना संकलन गर्न खोजेको छौं।

रैथानी बाली उन्नत तर विकास भन्दा कम हुन्छ। रैथानी बालीको संरक्षण, गुणस्तरीय बनाउनु पर्छ। रैथाने बाली कम उत्पादन हुने स्वभाविक हो। अधिकतम् उत्पादन गर्ने फेजमा पुगेको छ। हामी खेतीका कुरमा मात्र गर्दैनौं संस्कृति र परम्पराका कुरा पनि जोडेका छौं। बोट बिरुवाको संरक्षण गर्न सक्छ।

पर्यटन व्यवसायी कृष्ण कुमार अर्यालले भने म कृषि होइन पर्यटन भित्र्याएर विदेशी मुद्रा आर्जन गर्ने मान्छे हो। स्थानीय सरकारले संरक्षण सम्वर्द्धन, रैथाने उत्पादनमा जोड दिनुपर्छ।

म पनि घैया गोडेर हिडेको मान्छे हो। मही खाने चलन अहिले हरायो। पशुपालनमा ध्यान दिएको छैन। समूह मार्फत मर्यादित पालन मार्फत गर्ने हो र नगरपालिकाले सहजीकरण गर्ने हो। जेभने पनि सबभन्दा

ठूलो चिज स्वास्थ्य रहेछ । महानगरपालिकाले पनि अर्गानिक खवाउनु पर्‍यो ।

रैथाने हाट बजारका अध्यक्ष तिलक ढकालले पुस्तालाई हस्तान्तरण गर्नसके पछुटाउने नपर्ने कुरामा जोड दिएका थिए ।

वर्षौं देखि निरन्तर उत्पादन, बजारीकरण गर्नका लागि परेको छ । बालबच्चाहरुलाई दूध कसरी बन्छ ? भनेर थाहा छैन । जनै चिन र हँसिया कोरियाबाट आउँछ । अहिले खानाको औषधी खानु परेको छ । औषधी बढी खानु परेको छ । नेपलाको रैथाने प्रविधि जोगाउनु पर्छ भनेर लागेका छौं ।

मर्श्याङ्दी गाउँपीलिका र भानुसँग जोड्ने काम पनि मर्ख्याङदीले जोडेका हुन् । यसरी नै स्थानीय उत्पादन बढाउन साना किसान विचौलियाबाट मुक्त हुने र, भटमास खेति बढाउन सके राम्रो मूल्य पाउन सक्छ भन्ने हो ।

वहुराष्ट्रिय कम्पनीले बीउ दिएन भने हाम्रो कृषि समाप्त हुन्छ । रैथाने भटमास किन्ने र बेच्चे मात्र होइन । रैथानले ५० जिल्लाका ४ सय किसानहरूबाट कृषि उपज खरिद गरेर उपभोक्ता सम्म पुर्‍याउँछौं ।

उक्त कार्यक्रममा रैथाने हाटबजार र भानु नगरपालिका बिच भानुमा उत्पादित कृषि उपज बिक्री गर्ने सम्झौता भानु नगरपालिकाका नगरप्रमुख आनन्दराज त्रिपाठी र रैथाने हाट बजारका अध्यक्ष तिलक ढकाल बिच सम्झौता भएका थिए ।

अहिलेको नयाँ पुस्ताले कृषिलाई बिर्सेको छ । जुन पुस्तालाई ज्ञान हस्तान्तरण हुन सकेन भने पछुताउनु पर्ने अवस्था आउनेछ । धान कसरी काट्छन् भन्यो भने पनि देखेका छैनन् । हाम्रो देशले बचाउन सक्ने भनेको कृषि संस्कृति हो । भानुमा घैया, बदाम सकरखण्ड उखु वस्तु दिएर खुदो गुद परम्परागत रुपमा उत्पादन गरिन्थ्यो । अहिले संस्कृति हराउदै गएको छ । शिवरात्रीको दिन १० औं हजारको व्यापार हुन्थ्यो । त्यो लोप भएर हराउँदै गएको छ । रैथाने हाट बजार ५० औं जिल्लामा पुगीसकेको छ । देख्न र गर्न सकिने स्थानीय कृषि शिक्षा र स्वास्थ्य पनि हो । कोदोको ढेंडो खाँदा लाज लाग्थ्यो । अहिलेको स्वास्थ्यको हिसाबले महत्व छ भन्ने कुरा थाहन भयो । ७७ वटा जिल्लामा बाहिरबाट ल्याउनु भन्दा रैथाने संरक्षण सम्वर्द्धनका लागि निरन्तर प्रयास गर्ने छ । भानु नगरपालिकामा समेत कृषिलाई मर्यादित कसले गर्ने भन्ने अवस्था आएको बताएको छ ।

# विश्व कृषि मञ्चमा सुरेश प्रभु



**सुरेश प्रभु : सदस्य**
अन्तराष्ट्रिय कृषि मञ्च

काठमाडौं भाद्र २०, सेप्टेम्बर ५, भारतका पूर्व संघीय मन्त्री सुरेश प्रभु विश्व कृषि मंच (वाफ)को बोर्डमा मनोनीत भएका छन् । वाफका अध्यक्ष रुडी राब्बिन्जेले प्रभुको विशेषज्ञतालाई कृषि भविष्यको रूपरेखा तयार पार्न अत्यावश्यक ठानेका छन् । यो मञ्च विश्वव्यापी खाद्य सुरक्षा, दिगो अभ्यास, र नीति मुद्दाहरूमा प्रमुख सरोकारवालाहरूलाई संलग्न गर्नको लागि बनाइएको छ ।

पूर्व संघीय मन्त्री र राज्यसभा सदस्य सुरेश प्रभुलाई बिहीबार विश्व कृषि मंच वाफको बोर्डमा मनोनीत गरिएको छ । एक सञ्चारमा, वाफ बोर्डका अध्यक्ष रुडी राब्बिन्जेले भने कि प्रभुको विशेषज्ञता मञ्चका चर्चाहरूको लागि अमूल्य हुनेछ । “तपाईंको भूमिकामा र वैश्विक खाद्य र कृषि क्षेत्रमा सम्मानित स्थानमा रहेकोले, तपाईं वाफ बोर्डका लागि अमूल्य हुनुहुन्छ भन्ने मलाई विश्वास छ । तपाईंको विचार र अनुभवले मञ्चका उद्देश्यहरूमा ठूलो योगदान गर्न सक्छ,’’ उनले भने ।

यो मञ्चले विश्वभर कृषि विकासलाई प्रोत्साहित गर्ने उद्देश्यले काम गर्नेछ । यसले प्रमुख विचारकहरू, नवप्रवर्तकहरू, नीति( निर्माता, व्यापार सिइओ र वैश्विक संस्थानहरूको प्रमुखलाई संलग्न गर्दै खाद्य र पोषण सुरक्षा, दिगो अभ्यास, र नीति र व्यापार एजेण्डामा महत्वपूर्ण मुद्दाहरूलाई सम्बोधन गर्ने प्रयास गर्नेछ ।

ई(कृषि क्षेत्र विश्वव्यापी खाद्य सुरक्षा, आर्थिक स्थिरता, र वातावरणीय दिगोपनको लागि अत्यावश्यक छ ।

राब्बिन्जेले भने कि यस क्षेत्रका हालका चुनौतीहरू, जस्तै जलवायु परिवर्तन, वैश्विक खाद्य सुरक्षा, तीव्र प्राविधिक प्रगति, र विश्व व्यापारको बदलिदो गतिशीलताका कारण एक समर्पित निकायको आवश्यकता छ जसले प्रमुख सरोकारवालाहरू बीच संवाद र सहकार्यलाई प्रवर्द्धन गर्दछ ।

यो मञ्चले व्यापार अवसर र प्राविधिक आदान(प्रदानलाई सहज बनाउने महत्वपूर्ण भूमिका खेल्नेछ, ताकि राष्ट्रहरूले कृषि उत्पादकत्व, कृषि व्यापार र लगानीमा सुधार गर्न प्रभावकारी रूपमा सहकार्य गर्न सकून् ।

पीटीआई/इकोनोमिटक टाइम्स, भारत

---

**क्षेत्र ........**

महासंघका अध्यक्ष कार्यक्रम स्वयम् उपस्थिति भएकाले उहाँहरूलाई ध्यानाकर्षण गराउनु पर्ने जोडदिए । सहभागीता कृषि दशकको आकर्षित दशकको अभियानको सफलताको लागि सहकारी महासंघ तत्पर छ ।

संघीय सविधानसभा सदस्य कहिल्यै पूर्व हुँदैन कतिपयले पूर्व भनिन्छ ।

संसद र सडकदेखी सदनसम्म कुरा उठेको छ । सहकारीले यसो गर्‍यो उसो गर्‍यो भनेर समस्या समाधान हुँदैन । संकट आउँदा यो दिन के नेपाललाई किन आयोग चाहियो ? ग्राउण्ड रुटमा जान नसकेसम्म अगाडि बढ्न सक्दैन । सहकारीको नाममा केही वजेट दिने अपचलन भएको भएपनि सबैले त्यसो गरेको छैन ।

संविधानमा सहकारीलाई अर्थतन्त्रको ३ खम्बा भनिएको छ । तर हास्यास्पद रुपमा लिएको छ । जापानको ए देखि जेडसम्म कृषि सहकारी महासंघलाई दिइएको छ । १ वर्षसम्म उत्पादन गर्ने उत्पादनहरु स्तरीकरण गर्ने सकेन । १८ वटा केन्द्रीय सहकारी छन् । १४ हजार सेभिङ्ग क्रेडिट छ । हामी बचत तथा ऋण सहकारी बन्द गर्ने अवस्थामा छौं । १५ प्रतिशतमा कमर्शियल बैंकलाई कृषिमा लगानी गर भन्दा को लगानी गर्न जान्छ ।

कृषि भनेको सहकारी मार्फत गर्नुपर्छ । खरिद सुनिश्चितता हुनुपर्‍यो । सहकारी पछाडि पर्नु युवा पलायन पनि हो । एकदुई प्रतिशत खराब गर्नेलाई मात्र नहेरी साझेदारी समग्रमा हेर्नु पर्छ । अनिमात्र कृषि क्षेत्र अगाडि बढ्न सक्छ ।

मुक्तिनाथ कृषि कम्पनीका अध्यक्ष सीताराम काफ्ले अध्यक्षतामा सम्पन्न भएको उक्त साधारणसभाको प्रमुख अतिथि रामनाथ अधिकारीले गरेका थिए ।

कार्यक्रम सञ्चालन नेपाल मिस सुगारिका केसीले गरेको थिए ।

# गुल्मीमा गुढ उद्योग खोल्ने तयारी



गुल्मी भाद्र १५, रोजगारीबाट फर्किएका गुल्मी रुरु गाउँपालिका वडा ४ का पूर्णप्रसाद पन्थले वार्षिक एक लाख ५० हजार भन्दा धेरैको गुण बिक्री गर्दै आउँनु भएको छ । आफनै घरको उत्पादन मात्र होइन स्थानिय स्तरमा उत्पादन भएको खुदो खरिद गरि गुढ बनाउने गर्नुभएको छ । रसायनिक पदार्थको मिसावट नभएको हुँदा वार्षिक ३ लाखसम्मको कारोवार हुने गरेको छ । परम्परागत उखु खेतीले नै बालबालिकाको शिक्षा दिक्षा र घर खर्च चलेको छ । साविकको जनवोध प्राविधिमा हेफर इन्टरनेशनल नेपालको र रुरु क्षेत्र गाउँपालिको सहयोगमा उखुबाट सिधै मिठाई बनाउने उद्योग स्थापनाको तयारीले स्थानिय हर्षित छन् । पूर्ण प्रसाद पन्थका अनुसार उद्योग चलेमा खेती गर्ने छाडिएका बाँझो बन्जर जमिनमा फेरी उखु खेतीले बढावा पाउँने छ । उद्योग सञ्चालन हुने खबरले वैदेशिक रोजगारीमा रहेका अन्य साथीहरु घर फर्किने योजनामा रहेका छन् ।

माघ महिनामै उद्योगको परिक्षण गर्ने तयारी

उद्योग चलाउनका लागि अहिले गाउँपालिकाले तयारी शुरु गरिसकेको छ । विद्युत भोल्टेज बढाउनका लागि नेपाल विद्युत प्राधिकरणसँग समन्वयको काम भइरहेको रुरु गाउँपालिका ४ का वडा अध्यक्ष शेषनारायण पौडेलले बताए । यो सिजनमा स्थानियले गोरु घुमाएर उखु पेल्नु पर्दैन । झण्डै दुई सय वर्षदेखि स्थानियले कोलमा गोरु घुमाएर उखु पेल्ने र खुदो बनाएर बिक्री गर्दै आएका थिए । हामीले वैदेशिक रोजगारीमा गएका युवा र नेपालमै केही गरौं भन्ने युवालाई पुन कृषिमा जाड्ने प्रयास गरेका छौं अध्यक्ष पौडेलले सुनाए । उद्योग सञ्चालनका लागि हेफर इन्टरनेशनल नेपाल र रुरु क्षेत्र गाउँपालिको साझेदारीमा उद्योग सञ्चालन हुन लागेको हो । गरीवी र भोकमरी विरुद्ध काम गरिरहेको हेफर इन्टरनेशनलले उद्योग स्थापनका लागि ४० लाख रुपैंया भन्दा धेरै खर्च गरेको छ । त्यस्तै प्राविधिक सेवा पनि हेफरबाटै हुने स्थानिय जनप्रतिनिधिहरुले बताए । उद्योगको सफल सञ्चालन भएका रुरु क्षेत्र गाउँपालिका मात्र होइन रुरुसँग जोडिएका सत्यवती गाउँपालिका, मालिका गाउँपालिका र मदाने गाउँपालिका सम्ममा उखु खेती प्रवर्द्धन हुनेछ । नेपालमै पहिलो पटक स्थापना हुन लागेको हुँदा हामीले गर्ने उत्पादनमा सबैको चाँसो छ । मध्यपहाडी जिल्लामा त्यसमाथी हिमालको हावाले छोएको रैथाने अर्गानिक उत्पादनले क्षेत्रिय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजार लिने स्थानिय जनप्रतिनिधिहरुको विश्वास छ ।

उद्योगको सञ्चालन तथा बिक्री सहकारी मार्फत

रुरु बहुउदेश्य सहकारी संस्थाले उखुको खरिद देखि उत्पादित वस्तुको बिक्री वितरण सम्म गर्ने छ । किसानले सोझै सहकारीमा आएर आफनो उत्पादन राख्न पाउँने छन् । सहकारीका कोषाध्यक्ष समेत रहेका वेदप्रसाद पन्थले भन्नुभयो, किसानले उत्पादन मात्र गरे हुन्छ हामीले पर्दैन । रुरु क्षेत्र गाउँपालिका धेरै जसो वडामा झण्डै एक सय वर्ष देखि किसानहरूले उखु खेती हुँदै आएका थिए । थोर्गा, दार्सिङबास, पयक, ठानिडाँडा उखु खेतीका लागि उर्वर मानिएका ठाउँ हुन् । सहकारीका प्रतिनिधिहरुले उद्योग सफल रुपमा सञ्चालन भएमा २ हजार हेक्टरमा भएको उखु खेती कम्तिमा ५० हजार हेक्टरमा खेती हुने विश्वास लिएका छन् ।

संघीय मन्त्रालयले समेत अनुदान दिने छ ।

उखु खेती गर्ने किसानहरूलाई प्रवर्द्धन गर्नका लागि नेपाल सरकारले प्रति क्विन्टल ७० रुपैंयाँ सम्म अनुदान दिने गरेको छ । मिल सञ्चालन भएका तराईका क्षेत्रमा मिलमा पठाएको विवरण हेरी र किसानले बिक्री गरेको विवरण रुजु गरि अनुदान दिने गरिएको छ । वार्षिक एक अर्ब रुपैंया भन्दा बढी अनुदान दिने गरेको छ । गुल्मीमा उखु उद्योग सञ्चालन भएपछि किसान थप प्रोत्साहित हुने छन् । संघीय कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सह-सचिव डा.राजेन्द्रकुमार मिश्रका अनुसार यो नीति उद्योग सञ्चालन भएका क्षेत्रमा प्रभावकारी रुपमा सञ्चालन भइरहेको छ । यो हुन सकेमा पहाडमा उखु लगाएका किसान पनि लाभान्वित हुने छन् । चिनीमा रहेको हाम्रो परनिर्भरता पनि घट्ने छ ।



# जथाभावी विषादीको प्रयोग गर्दा स्वास्थ्यमा गम्भीर संकट

विषादी प्रयोग भएका अधिकांश खाद्य वस्तु तथा तरकारी र फलफूल परीक्षण विनै भान्छामा पुगेका छन् । काठमाडौं भाद्र ८, किसानलाई कृषि बालीमा एकसय ६४ प्रकारका विषादी प्रयोग गर्न अनुमति दिएको सरकारले १२ प्रकारका विषादी मात्र परीक्षण गर्दै आएको छ ।



सरकारले विषादीका परीक्षणलाई व्यापक नबनाउँदा उपभोक्ताको भान्सामा विषादी युक्त खाद्य वस्तु तथा तरकारी र फलफूल पुग्ने गरेको छ । अधिक किसानले प्रयोग गर्दै आएको एकसय ६२ विषादी मध्य एकसय ५२ प्रकारका विषादी परीक्षण भएको छैन । िकासनले प्रयोग गर्ने  एकसय ६४ विषदी मध्ये सरकारले अहिलेसम्म तरकारी बालीमा प्रयोग गरिने कार्वामेट र अर्गानोफस्फेट समूहका विषादी मात्र परीक्षण गर्दै आएको छ । यी दुई समूहमा १२ वटा मात्र विषादी पर्छन । कृषि मन्त्रालयका एक अधिकारीका अनुसार सरकारले परीक्षण गर्दै आएको कार्वामेट र अर्गानोफस्फेट समूहका विषादी अहिले किसानले प्रयोग गर्न छोडिसकोका छन् । यी भन्दा घातक विषादीहरु किसानले प्रयोग गरेको छन् । पछिल्लो समय किसानले सिन्थेटिक पाइरोथ्रोइड कीटनाशक समूहभित्र पर्ने विभिन्न प्रकारका विषादी धेरै प्रयोग गरिरहेको ती अधिकारीले जानकारी दिए । तरकारी तथा फलफूलमा प्रयोग हुने यो समूहका विषदी सरकारले हालसम्म परीक्षण गर्ने गरेको छैन ।

अहिले खाद्य वस्तु तथा तरकारी र फलफूलमा प्रयोग भइरहेको विषादी मध्ये अधिकांश स्वास्थ्यका लागि निकै हानीकारक छन् । कतिपय विषादी प्रयोग भएको कृषि उपज एक महिनादिनसम्म खानयोग्य हुँदैनन् जुनसुकै विषादी प्रयोग भएपनि त्यस्तो विषादी हालेको कृषि उपज एक सातासम्म खान अयोग्य मानिन्छ । तर, किसानले विषादी प्रयोग गरेका वस्तु एक दुई दिनमै बजारमा पुऱ्याउँदा परीक्षण अभावमा ती सबै उपभोक्तको भान्सामा पुगिरहेको छ ।

बजारमा आउने दैनिक उपभोग्य वस्तुपमा उपयोग हुने विषादी परीक्षण गरी उपभोक्तालाई स्वच्छ वस्तु उपलब्ध गराउने सरकारको बजारमा उपस्थिति नहुँदा उपभोक्ताको स्वास्थ्य नै जोखिममा पर्दै गएको राष्ट्रिय उपभोक्ताका मञ्चका अध्यक्ष प्रेमलाल महर्जनले बताए । हरियो तरकारी तथा फलफूलमा मात्र नभएर माछामासुमा समेत औषधीजन्य विषादीको प्रयोग प्रर्याप्त मात्रमा हुने उनको भनाई छ । सरकारले यो विषयलाई वेवास्ता गर्दै आएको बताए । बजारमा आउने अखाद्य वस्तु, तरकारी तथा फलफूलमा देखिने विषादीको अवशेष परीक्षण गर्न जनताको पसिनाबाट करोडौं मूल्यमा खरिद गरेको  ल्याबसहितको मोवाइल भ्यान सञ्चालनमा नल्याएर कवाडी बनाइएको छ । त्यो भ्यान मात्र बजारमा लगिदिएको भए केही हदसम्म बजार सुधिन्थ्यो । तर, त्यसलाई कवाडी बनाएको छ । विषादी परीक्षणका नाममा करोडौं खर्च भएको छ । तर उपभोक्ताको हितमा भएको छैन । बजारलाई स्वच्छ र गुणस्तरीय बनाउने बजारमा राज्यको उपस्थिति बलियो हुनु पर्छ ।

केन्दीय कृषि प्रयोगशालाका वरिष्ठ बाली संरक्षण अधिकृत राजीव दास राजभण्डारीका अनुसार कार्वामेट र अर्गानोफस्फेट समूहभरि १२ प्रकारको विषादी पर्छ । हालसम्ममा उक्त विषादीको मात्र परीक्षण हुने गरेको उनले जानकारी दिए । किसानले तरकारी तथा विभिन्न बालीमा प्रयोग गर्ने १ सय ५२ प्रकारका विषादीको परीक्षण हालसम्म नभएको बताए । बजारमा विषादीयुक्त हरियो तरकारी तथा फलफूल  देखिन थालेपछि सरकारले कालीमाटीमा भित्रिएको तरकारीका नमूना विषादी परीषण २०७१ असार ४ बाट शुरु गरेको थियो अहिलेसम्म देशभरमा ७ स्थानबाट मात्र विषादी परीक्षण हुने गरेको छ । राजभण्डारीका अनुसार आर्थिक वर्ष २०८०/८१ म थप ५ वटा नयाँ विषादी परीक्षण गर्ने प्रयोगशाला स्थापना भएका छन् । अब देशभर १२ वटा प्रयोगशालाबाट विषादी परीषण हुने जानकारी दिएर नयाँ प्रयोगशाला स्थापना भएपनि ओपचारिका रुपमा प्रयोगमा नआएको र हाल परीक्षण कालमा राखिएको राजभण्डारीले जानकारी दिए । उनको अनुसार नयाँ विषादी परीक्षण प्रयोगशाला सिन्धुली, धरान, महोत्तरी, कोढल्केवार नवलपुरको कावासोती र सुर्खेतमा स्थापना भएका हुन ।

अहिलेसम्म काठमाडौंको कालमिटी झापाको विर्तामोड, सर्ल्राही, कास्की, बुटवल, नेपालगञ्ज, कैलाली, मा तरकारीको विषादी परीक्षण हुँदै आएको थियो । केन्द्रीय कृषि प्रयोगशालाका प्रमुख महेशचन्द्र आचार्यले कार्वामोट र अर्गानोफस्फेटसम्म दुईवटा विषादी परीक्षण हुँदै आएको र अब सरकारले नयाँ सिन्थेटिक पाइरोथ्रोइड कीटनाशनक कार्वामेट फन्जिसाइड्स विषादी पनि परीषण गर्ने प्रयासमा गरीरहेको अर्गानो फस्फेटसमूहको  भित्रको १२ वटा विषादीको प्रकारको विषयमा मात्र परीक्षण हुने गरेको जनाएको छ ।

स्रोत साधान अभावका कारण विषादी परीक्षण गर्न नसकेको बताए । विषाद आएको विषादीलाई उपभोक्ताका भान्सामा केन्द्रसरकारले मात्र नभएर प्रदेश र स्थानीय तहसम्म काम हुनुपर्ने भनाई छ । विषादीलाई विगत समय किसान पनि विषादी प्रयोगमा सचेत रहेको बताए ।

सरकारले तरकारीमा विषादी बारेमा मापदण्ड निर्धारण गरेको कारण कति मात्रामा विषादको अवशेष  मिल्ने त्यसैगरी ३५देखि ४५ प्रतिशत देखिए केही दिनलाई राखेर ४५ प्रतिशत देखि भन्दाबढी देखिए विषादी दखियो भने खान नहुने अर्थात नष्ट गनु पर्नेछ ।

अधिकृत राजभण्डारीको अनुसार १० देखि १२ वटा नमूना परीक्षण गरेको । आर्थिक वर्ष २०८१/०९१ देशमा नमूना परीक्षण गर्दा २६ वटामा नमूना परीक्षण गर्दा खानाको लागि प्रयोग गर्न सकिने पाइएको थियो ।

# फलफूलबाट जाम बनाउने तरिका र यसको प्रयोग गर्ने विधि



**परिमाण :**
यी माथि उल्लेख भएको परिमाणको व्यवस्था भएपछि चिनी र फलगुदी मिसाएर राम्रोसँग चलाएर पकाउने, पाकेको केहीबेरपछि साइटिक एसिड पनि मिसाउने, पाक्न पुगेनपुगेको जम्ने विन्दु परीक्षण गरेर हेर्ने । त्यसपछि ५ मिनेटजति सेलाएपछि सफा ओभानो सिसीमा भर्ने र बिर्को लगाएर मेसिनमा सिल बन्द गर्ने । सिल गर्ने मेसिन नभएमा जामको सतह पूरै ढाकिने
गरेर पगालेको तातो मैन राखी बिर्को लगाएर ठन्डा तथा ओभानो ठाउँमा सञ्चय (स्टोर) गरिराख्नुपर्छ ।

**मिश्रित जाम :**
आरु र आलुबखडालाई सर्वप्रथम ताजा फल, रोग, कीरा नलागेको छानेर पानीमा धुने र बोक्रा र बियाँहरू जम्मा गरी सम्बन्धित कम्पोस्ट खाडलमा फाल्ने व्यवस्था गर्नुपर्छ । फललाई फेरि मसिनो टुक्रा पार्ने, मेसिन भए मेसिनबाटै पेलेर गुदी बनाउने, गुदी तयार भएपछि गुदीबराबर चिनी मिसाएर पकाउने । पकाउँदा चलाइरहनु अति जरुरी पर्छ । यसरी चलाइनराखेमा डढ्ने सम्भावना भएकोले उक्त रसलाई डढ्न दिनु हुँदैन । यसमा अमिला पदार्थहरू प्रशस्त मात्रामा फलमा नै भएको हुनाले अमिलो राख्नु पर्दैन र अरू जाम पकाएझैं पकाई बीचबीचमा जम्ने बिन्दु परीक्षण गरेर हेरिरहनुपर्दछ । यसरी पाकेपछि केहीबेर सेलाउन दिने र त्यसलाई सफा सिसीमा भरी बिर्कोलाई ठन्डा (चिसो) तथा सुक्खा ठाउँमा भण्डार गर्नुपर्छ । मिश्रित जाम बनाउन निम्न सामग्रीहरू आवश्यक पर्छ
१. आरुबखडाको गुदी
२. आरुको गुदी
३. चिनी
५०० ग्राम
५०० ग्राम
१ किलो
नेपालमा फलफूल खेती र कलमी गर्ने प्रविधि : २०९
नास्पातीको जाम

**सामग्रीहरू**
१. नास्पाती-२ चिनी
३. साइट्रिक एसिड

**फललाई तयार गर्ने तरिका :**
१ किलो ९०० ग्राम
६.५ ग्राम
जाम बनाउन या खानलाई जुनसुकै फल कीरा तथा रोग नलागेको र नबिग्रेको छान्नुपर्छ । फल सानो भए तापनि खाँदा स्वाद मीठो छ भने त्यस्तो खालको नास्पाती पनि जामका लागि ठीक हुन्छ । फललाई सफा पानीमा राखी बाहिरपट्टि लागेको फोहरमैला र माटो आदि हट्ने गरी सफा गरी पानीमा धुनुपर्छ । स्टीलको चक्कुले फललाई बोक्रा ताछ्नुपर्छ । बोका ताछेपछि फलको बीचको साह्रो भाग र बियाँ हटाई फललाई सानोसानो टुक्रा पारी काट्ने व्यवस्था गर्नुपर्दछ । यसरी तयार भएको फलको टुक्रालाई भएसम्म पल्पर मेसिनद्वारा पेलिदिनुपर्दछ । यदि मेसिन नभएमा अलिकति पानी हाली पल्टाई १०/१५ मिनेटसम्म उमाल्नुपर्छ । यसरी उमाल्ने फल अलि नरम हुन्छ र यसलाई डाडु अथवा पन्यूले मसिनो नहुन्जेलसम्म चलाइराख्नुपर्दछ र फल उमाल्दा हालेको पानीलाई नफाली जाममा नै प्रयोग
गर्दा राम्रो हुन्छ ।

**फललाई पकाउने तरिका :**
माथि उल्लेख गरेअनुसार तयार भएको गुदीलाई चिनी मिसाई अल्मोनियम वा स्टीलको डेक्चीमा अलि चर्को आगोमा पकाउनुपर्दछ । उम्लन थालेका केहीबेरपछि मात्र साइट्रिक एसिड राख्नुपर्दछ । पाकिरहेको जाम बराबर चलाइरहनु पर्दछ । यसो गर्नाले जाम तल डेक्चीको पिँधमा जम्न (लाग्न) पाउँदैन । जाम पकाउन पुगेनपुगेको जम्ने बिन्दु परीक्षण गरेर हेर्ने । जाम पाक्न पुगेपछि डेक्ची आगोबाट उतारिसकेपछि केहीछिनपछि सफा ओभानो सिसीमा जाम भरी बिर्को लगाइदिनुपर्छ । यसरी भरेको सिसीलाई सुक्खा तथा चिसो स्थानमा भण्डार गरिराख्नुपर्छ ।
नेपालमा फलफूल खेती र कलमी गर्ने प्रविधि

**खुर्पानीको जाम :**
खुर्पानीको जाम बनाउन पहिले रोग, कीरा नलागेको ताजा खुर्पानीलाई तौलेर पानीमा सफासँग धुने, त्यसलाई दुई फ्याक गरी भित्रको बियाँ निकाली त्यसको बाहिरी भागेको बोक्रालाई ताछेर सफा पानीमा पखाल्ने, फललाई टुक्राटुक्रा पारी काट्ने र मेसिनद्वारा पेली गुदी बनाउने मेसिन नभएमा हातले गुदी बनाउनुपर्दछ । उक्त गुदी तयार भएपछि निम्नबमोजिम एक किलोग्राम खुर्पानीमा आधा किलोग्राम पानी राखी करिब पाँचदस मिनेटसम्म पकाएपछि त्यसलाई खुब माड्ने । नरम बनाउने र त्यसपछि १ किलोग्राम चिनी मिलाएर पकाउनुपर्दछ । पकाउँदाखेरि ख्याल राख्नुपर्ने कुरामध्ये आगो पनि एक हो । पकाउँदा ज्यादा आगो बालेमा बढी उड्ने सम्भावना भएकोले विचार पुयाएर आगो आवश्यकताअनुसार बालिराख्नुपर्दछ । जामलाई समयसमयमा चलाइरहनु
अत्ति नै जरुरी हुन्छ ।
सामग्रीहरू

१. खुर्पानीको गुदी
२. चिनी
१ किलो १ किलो
३. पानी
४. एउटा कागतीको रस वा साइट्रिक एसिड
**स्याउको जाम :**
५०० ग्राम
७ ग्राम
स्याउको जाम बनाउनका लागि राम्रो खालको फल छान्नुपर्दछ । अमिलो बढी भएको स्याउमा साइट्रिक एसिड कम राख्नुपर्दछ । यस्तो अमिलो जात र अमिलो नभएको पकाउन अगाडि स्याउलाई सफा पानीले धोएर स्टीलको चक्कुले बोक्रा ताछ्नुपर्दछ र भित्रको बियाँलाई राम्रो तरिकाबाट केलाइदिनुपर्दछ । जाममा बियाँ नपरोस् भन्नाका लागि पहिले नै आफू चनाखो हुन जरुरी हुनुपर्दछ । यसरी सफा गरेको फललाई सानोसानो टुक्रा पारी पल्परले गुदी बनाउनुपर्दछ । पल्पर नभए मसिनो टुक्रा पारी राम्ररी थिचेर गुदी पार्नुपर्दछ, जसले गर्दा जाम राम्रो होस् भन्नाका विचार पुऱ्याउनु पर्दछ ।
नेपालमा फलफूल खेती र कलमी गर्ने ।
हुन्छ,
नै ठूलो उपलब्धि हुन्छ, यसरी गुदी बनाएपछि ५ मिनेटसम्म पकाएर बिर्ना मिसाउनुपर्छ । चिनी मिसाएर पकाउँदा पनि चलाइराख्नु अत्ति नै जरुरी जसले गर्दा जाममा राम्रो तरिकाबाट चिनी मिसावट होस् र यसरी चलाइराखेको पाक पुगनपुगेको भने जम्ने बिन्दु परीक्षण गरेर हेर्नुपर्दछ । पाक्न पुगेपछि साइट्रिक एसिड मिसाएर चलाउनुपर्दछ, एसिड मिसाउँदा पाक्नुभन्दा एकैछिनअगाडि मिसाए पनि उपयुक्त हुन्छ ।
जाम पाक्न पुगेपछि पहिले सफा गरी सुकाएको कोटमा खन्याउनुपर्दछ । तुरुन्त बिर्को लगाउनुपर्छ, जसले गर्दा हावा भित्र नछिरियोस् र बिर्कोमा मैनले लेपिदिनुपर्दछ र जामलाई सुक्खा र चिसो स्थानमा भण्डारण गरिराख्न अति नै जरुरी हुन्छ । जाम बनाउन निम्न सामग्रीको आवश्यकता पर्ने भएकोले सोहीअनुसार व्यवस्था गर्नुपर्छ(
१. स्याउको गुदी
२. चिनी
३. साइट्रिक एसिड
ऐसेलुको जाम सामग्रीहरू
१. ऐसेलुको गुदी
२. चिनी
३. साइट्रिक एसिड
**बनाउने तरिका :**
१ किलो
१ किलो
७ ग्राम
१ किलो
१ किलो
२.५ ग्राम
यो फल अरूभन्दा निकै नरम हुने भएकोले विचार पुऱ्याएर मात्र फल टिप्न चनाखो हुनुपर्छ, फललाई टिपिसकेपछि विस्तारै पखाल्नुपर्छ । सफ गरेको फललाई पकाउने भाँडोमा राखी तताउने र केही रस निक्लेपछि फल नरम नहुँदासम्म चलाइराख्नुपर्छ । त्यसपछि चिनी मिसाएर चलाउनुपर्छ । जसले गर्दा चाँडै उमाल्ने व्यवस्था गर्नुपर्छ र एसिड पनि मिसाउनुपर्छ । त्यसपछि पाक्न पुगेको छछैन र जम्ने बिन्दु परीक्षण गरेर हेर्ने, पाक्न पुगेपछि सफा र ओभानो सिसीमा भर्ने र बिर्को लगाई सञ्चय गर्नुपर्छ । त्यस्तो नेपालमा फलफूल खेती र कलमी गर्ने प्रविधि उन्हातनुपर्छ । यस प्रकारको ऐसेलुको जाम नरम नहुँदासम्म चलाइराख्ने र चिनी काममा विस्था गर्नुपर्छ
केही मात्रामा आउन थालेको, बजार
बालाजी जाजाम र अलकोल बनाई बजारमा बिक्री नभई सडेर जानबाट नहीं बरी हुन्छ । पाकेको फललाई राम्रोसँग, त्यसपछि पल्पलरमा राखेर गुदी भएमा फलको तौलको एक तिहाइका तेस्रो सी बताउने र राम्रोसँग पन्यूले चलाई २१ किलो २१ ग्राम
डिलियो हुने भएकोले जात हेरी गुलियो इसने अन्यथा उक्त एसिड राख्न पर्दैन ।
कम गरेर चलाएर पकाउने र यसरी
इराकमा सिमित हुई जामको स्वाद निकै राम्रो र सुनेको जस्तै बिन्दु परीक्षण गरेर हेर्ने
ओभानो सिसीमा भर्ने र बिर्को बन्द
गरेर राख्ने व्यवस्था गरिराख्नुपर्दछ ।
आपको जाम गर्दा उत्पादन हुन्छ । एक वर्ष प्रशस्त उत्पादन हो सके या हुने गरेको छ। यो हुनुको कारण खेती र कलमी गर्ने प्रविधि कीराबाट बढी आक्रमण भएमा त्यस वर्ष कम हुन जान्छ। बढी आँपमा होपर कीराले नोक्सान गर्ने भएकोले समयमै कृषि प्राविधिकको सल्लाह लिई विषादी छर्नुपर्दछ, तर फल बजारमा लैजानु २०-२५ दिनअगाडि विषादी छर्नु
हुँदैन । आँपलाई अचार बनाएर पनि खान सकिन्छ ।
राम्रोसँग पाकेको फललाई सफा पानीले धुने र बोक्रा ताछ्नुपर्छ ।
यसरी तयार भएको पल्परमा राखेर गुदी र कोया छुट्टाछुट्टै निकाल्ने व्यवस्था गर्नुपर्छ । पल्पर नभए मसिनो टुक्रा गरेर गुदी निकाल्ने गर्नुपर्छ ।
सामग्रीहरू :
१) आँपको गुदी
२) चिनी
३) साइट्रिक एसिड
१ किलो
८०० ग्राम
ग्राम
कुनै आँप निकै गुलियो हुने फल भएमा १० ग्राम एसिड र केही अमिलो फल भएमा ८ ग्राम मात्र एसिड राख्ने । चिनी र गुदी मिसाएर पकाएको केहीबेरपछि अमिलो पनि मिसाएर राम्रोसँग पकाउनुपर्छ, पकाउँदाखेरि पन्यूले चलाइराख्नु अति जरुरी हुन्छ । जसले गर्दा भाँडाको पिँधमा लाग्दैन । यसरी बनाएको जाम पाकेनपाकेको जम्ने बिन्दु परीक्षण गरेर हेर्नुपर्छ । जाम ५ मिनेट सेलाएपछि सफा ओभानो सिसीमा भर्ने र बिर्को लगाएर मेसिनमा सिल्ड गर्ने, तर मेसिन नभएमा अन्य जामको जस्तै मैन पगालेर जामको सतह पूरै ढाकिने गरी राख्ने र बिर्को लगाई चिसो र ओभानो स्थानमा भण्डारण गरी राख्ने व्यवस्था हुनुपर्छ ।
**सुन्तलाको जाम**
सुन्तला
भएको
सुन्तला बगैँचा पकेट क्षेत्रको रूपमा विकास भइसकेकोले केही वर्षदेखि बजारमा आएको र कुनै जिल्लामा बाटोको असुविधा स्थानमा जाम बनाउन अति नै उपयुक्त भएकोले यससम्बन्धी बगैँचाधनीले विचार पुर्‍याउनुपर्ने देखिन्छ ।
जाम बनाउनका लागि सडेगलेका फल र ढुसी लागेको अन्य रोग कीरा लागेको फल सबै छुट्ट्याइसकेपछि सफा पानीले धने र बोक्रा छोडाउने
**नेपालमा फलफूल खेती र कलमी गर्ने प्रविधि :**
त्यसपछि मेसिनमा राखेर रस निकाल्ने। मेसिन नभएमा सुन्तलाको केस्रालाई कपडामा राखेर काठले राम्रोसँग निचोरेर रस निकाल्नुपर्छ । कागती निचोर्ने काठको भाँडामा राखी रस निकाल्ने व्यवस्था गर्नुपर्दछ ।
**सामग्रीहरू**
१. सुन्तलाको रस
२. चिनी
३. साइट्रिक एसिड

१ किलो
७०० ग्राम
५ ग्राम

माथि उल्लेख भएको परिमाण राखी सुन्तलाको रस र चिनी मिसाएर केहीबेर पकाएपछि अमिलो मिसाउने र पन्यूले चलाइराखनाले पिँधमा लाग्दैन । पाकेनपाकेको जम्ने बिन्दु परीक्षण गरेर हेर्ने पाक्न पुगेपछि सफा गरेको ओभानो सिसीमा भर्ने र बिर्कोमा सिल्ड गर्ने मेसिनले सिल्ड गर्ने र उक्त मेसिन नभएमा मैन पगालेर जामको सतह पूरै ढाक्ने गरी राखी बिर्को लगाउने व्यवस्था गर्नुपर्दछ ।

यसै गरी जुनारको जाम पनि सुन्तलाको जस्तै गरेर तयार गर्न सकिन्छ । आवश्यकतानुसार सम्बन्धित फलको रङ्ग र बासना पनि मिसाउन सकेको खण्डमा झन् जामको स्वाद राम्रो हुन्छ ।

लप्सीको मुरब्बा तथा (क्यान्डी) बन्दछ । आजभोलि लप्सी बगैंचा लगाउने निकै बढ्दै गएको देखिन्छ । लप्सीबाट प्रशस्त मात्रामा भिटामिन सी पाउने र यसको (फल) गुदी विदेशमा प्रशस्त मात्रा माग भएकोले यसको बिरुवा बढी माग भएको देखिन्छ ।

पुसमाघमा जब लप्सी पाक्छ त्यस समयमा पाकेको ठूलो दाना भएको लप्सी छानेर पानीमा सफा गरी धोएर बोका फुट्ने गरी पानीमा राखी उमाल्नुपर्छ, जसले गर्दा बोक्रा पट्ट फुल्न थाल्दछ त्यसपछि बोक्रा छोडाई बोक्रा निकालेपछि ६ भाग पानीमा ४ भागका दरले चिनी मिसाएको चास्नीमा डुबाएर ५-१० मिनेट उमालेर (३५-३६° डि. ब्रिक्समा) २४ घण्टा राख्ने, त्यसपछि फल निकाल्ने र चास्नीमा ५ डिग्री ब्रिक्स बढ्ने गरी चिनी मिसाएर उमाल्ने र अघि निकालेको फल पुनः त्यही चास्नीमा राख्नुपर्दछ । ७० डिग्री नेपालमा फलफूल खेती र कलमी गर्ने प्रविधि : २१५

ब्रिक्स नपुगेसम्म प्रत्येक दिन यसै गरी चिनी थप्तै जाने र यस अवस्थामा एकदुई हप्ता जति राख्नुपर्दछ । अब लप्सीको मुरब्बा तयार भयो ।

क्यान्डी बनाउनका लागि यो तयार भएको मुरब्बामा ५ डिग्री ब्रिक्स बढ्ने, अथवा ७६ ब्रिक्ससम्म) चिनी थपेर एकदुई मिनेट उमालेर १-२ हप्ता जति ढाकेर राख्ने र पुनः एक मिनेटजति उमालेर तातो अवस्थामा निकालेर चिनीको पाउडरमा लपेटेपछि किस्तीमा राखेर कोठामै सुक्खा हुन दिनुपर्दछ । सुक्खा भैसकेपछि अन्य क्यान्डीको जस्तै गरी प्याक गरेर भण्डारण गर्नुपर्दछ ।

# कृषिमा महिलाहरूको योगदान :अध्यक्ष दंगाल

काठमाडौं भाद्र १५, महिला किसान संघ नेपाल बागमती प्रदेश कमिटीको प्रथम सम्मेलन अखिल नेपाल किसान महासंघका अध्यक्ष प्रेम दंगालको अध्यक्षतामा सम्पन्न भएको छ ।

सम्मेलनमा प्रमुख अतिथि अखिल नेपाल किसान महासंघका अध्यक्ष डा.प्रेम दंगालले किसानहरुको इतिहासमा महिलाहरूले ठूला-ठूला योगदान दिंदै आएको बताए । दंगालले १० औं हजार वर्ष अघि मनुस्मृतिमा जहाँ महिलाहरुको पुजा हुन्छ त्यहाँ देवताहरूको बास भनेर स्पष्ट कितान गरेको बताए । हरितालिका तीजको शुभकामना आदान प्रदान कार्यक्रम बताएको हो । कार्यक्रममा नारीहरूले आँटे भने संसार जित्न सक्छ । श्रमजीविका किसानसम्म पुऱ्याउनु पर्छ । भूमिहीन र सीमान्तकृत किसानहरुलाई संगठित गर्नु पर्छ । केपी ओलीको नेतृत्वको सरकारले ४१ लाख मध्ये २० हजार कार्ड वितरण गरेर ४१ लाख किसानलाई सूचिकृति गरिसकेको छ । कृषिको सुशासनको कुरा किसानको उत्पादनको मूल्य पाउने गरी गरिनु पर्छ । महिला किसानहरुलाई नीति निर्माण गर्ने तहमा पुऱ्याउन जरुरी छ । दंगालले किसानलाई पेन्सन उपलब्ध गराउनु पर्ने, देशको जनतालाई पाल्ने किसानहरुलाई नदिए कसलाई दिने ?

किसानको बीमा, स्वास्थ्य कोष, सामाजिक सुरक्षामा आवद्धता गर्ने अभियान लिएर मात्र फर्कन्छौं । कृषि ऐन बनाउन लागेका छौं ।




माता सृष्टिको सर्जक हो ।

महिलाहरू शिक्षा, स्वास्थ्य, रोजगार, सामाजिक हिसाबले पछि परेको छन् । अब महिलाहरूको सहभागीता हरेक क्षेत्रमा ५० प्रतिशत घोषणा गरिनु पर्ने बताए । कृषि क्षेत्रमा झन् महिलाहरूको ठूलो योगदान छ । पार्टी योजना अनुसार मिशन ८४ मा बहुमत ल्याएर कायापालट गर्ने हो । तपाईहरू सम्मेलनबाट फर्केर नयाँ सदस्यता बनाउनु होस् । राजनीतिक रुपमा तथस्थ, कृषि कर्ममा सक्रिय नयाँ महिलाहरूका लागि २ लाख नयाँ सदस्यता टोल(टोल र घर(घरमा गएर पुऱ्याउनु होस् ।

अब किसानहरुको सूचीकरण गरेर परिचय पत्र दिदै छ । वडा वडामा गएर सूचिककरण गर्नु, मल अनुदान छ । बीमा, कर्जा लगायत सम्मेलन तथा शुभकामना आदान प्रदान कार्यक्रम सरस्वती दाहालको अध्यक्षता, सचिव सुनिता अधिकारीको सञ्चालनमा भएको थियो ।

किसान महासंघ २००८ सालमा गठन किसान थोरै जग्गा किसानको थोरै जग्गा जमिन धेरै थियो । प्रदेश सम्मेलन पछि । अखिल नेपाल किसान महासंघका महासचिव सरिता भुसालले महिला किसानहरूलाई आय आर्जनमा जोड्दै महिला शसक्तिकरणमा जोडदिनु पर्ने बताए ।

सम्मेलनले पछि रामशरण आले, कृष्णहरी पौडेले, सावित्रा थापा, शंकर काकी लगायत निर्वाचन कमिटीले प्रतिभा पाण्डेको अध्यक्षतामा २५ सदस्यीय कार्य समिति गठन गरेको छ ।

# मेथी खेती प्रविधि

मेथी भान्सामा नियमित प्रयोग हुने मसलारुपीमा पर्ने खाद्य बाली हो । मेथीको साग हरियो तरकारीको रुपमा प्रयोग हुने गर्दछ । मेथीको बीज एक बहुमुल्य औषधी समान हुन्छ । यस्ले भोक बढाउँने तथा संक्रामक रोगबाट रक्षा गर्दछ । मेथीमा प्रोटीन, वसा, कार्बोहाईड्रेट, कैल्शियम,



राइबोफ्लेविन, नियासिन, मैग्नीशियम, पोटाशियम, सोडियम, मैंगनीज, फोलिक एसिड, और फाइबर फास्फोरस तथा फलाम, तामा प्रचुर मात्रामा पाइन्छ ।

मेथी शरद् तथा शीतकालिन मसलाबाली हो । यसको वृद्धि र विकासका लागि चिसो, तुषारो रहित हावापानी चाहिन्छ । यसको बीउ सोझै खेतमा छरिने हुनाले लाईनमै छर्नु पर्दछ । तयारी जग्गामा २०-२५ से.मि. को फरकमा लाईन कोरेर बीउ र बालुवा मिसाईएको बीउ एकनासले छर्नु पर्दछ । त्यसपछि हल्का किसिमले बीउलाई पुरेर हजारीको सहायताले माटोलाई हल्का भिजाई दिनु पर्दछ । नेपालमाबढी खेती स्थानिय जातकै गरिन्छ तर पनि राजेन्द्र क्रान्ति, पुसा अर्लि बन्चिङ्ग, हिसार सोनाली, को.१, लाम सेलेक्शन १, आर एम टि-१, आर एम टि(१४३ जातहरु नेपालमा भित्रिएका छन् र कुनै सागको हिसाबले र कुनै बीउको प्रयोग गरी मसलाको रुपमा प्रयोग भइरहेको पाईन्छ ।

**१. मेथी बालीका लागि कस्तो हावापानी आवश्यक पर्दछ ?**

मेथी शरद् तथा शीतकालिन मसलाबाली हो । यसको वृद्धि र विकासका लागि चिसो, तुषारो रहित हावापानी चाहिन्छ । यसको बीउ पाक्ने बेलामा भने केही सुख्खा र गरम मौसमको आवश्यकता पर्दछ ।

**२. यसको लागि कति बीउको आवश्यकता पर्दछ ?**

मेथी खेतीको लागि १२ के.जी. राम्रो बीउ भए १ हेक्टर जमीनलाई पुग्दछ ।

**३. मेथीको बीउ कसरी रोपिन्छ ?**

यसको बीउ सोझै खेतमा छरिने हुनाले लाईनमै छर्नु पर्दछ । तयारी जग्गामा २०-२५ से.मि. को फरकमा लाईन कोरेर बीउ र बालुवा मिसाईएको बीउ एकनासले छर्नु पर्दछ । त्यसपछि हल्का किसिमले बीउलाई पुरेर हजारीको सहायताले माटोलाई हल्का भिजाई दिनु पर्दछ ।

**४. मेथी खेतीको लागि जमिनको तयारी कसरी गरिन्छ ?**

यसको लागि दुई तीन पटक खनजोत गरी डल्ला फोरेर झारपात हटाई माटोलाई बुरबुराउँदो बनाउँदै जग्गालाई सम्याउनु पर्दछ । यसरी तयार गरिएको जमीनमा १-१.५ मिटर चौडाई भएको क्यारी बनाउनु पर्दछ ।

**५. नेपालमा मेथी बालीका कुन(कुन जातहरु पाइन्छन् ?**

नेपालमाबढी खेती स्थानिय जातकै गरिन्छ तर पनि राजेन्द्र क्रान्ति, पुसा अर्लि बन्चिङ्ग, हिसार सोनाली, को.१, लाम सेलेक्शन १, आर एम टि-१, आर एम टि-१४३ जातहरु नेपालमा भित्रिएका छन् र कुनै सागको हिसाबले र कुनै बीउको प्रयोग गरी मसलाको रुपमा प्रयोग भइरहेको पाईन्छ ।

**६. मेथीखेतीको लागि कस्तो माटो उपयुक्त हुन्छ ?**

मेथी खेतीको लागि माटोको कारणले गर्दा खेती गर्न रोकिनु पर्ने अवस्था रहँदैन जुनसुकै किसिमको माटोमा गर्न सकिन्छ तर बढी उत्पादनको लागि भने प्राङ्गारिक पदार्थ प्रचुर भएको पानी नजम्ने दोमट माटो उत्तम हुन्छ ।

**७. मेथीको एक पटकको बालीबाट कतिसम्म उत्पादन लिन सकिन्छ ?**

हरियो सागको रुपमा प्रयोग गर्नका लागि ४०००-५००० र दानारबीउको रुपमा ५००-७०० केजी प्रति हेक्टर उत्पादन लिन सकिन्छ ।

**८. मेथी बाली उम्रे पछि कति अवधिमा बाली लिन तयार हुन्छ ?**

यसबाट दुई किसिमको उत्पादन लिन सकिन्छ । हरियो सागको रुपमा २०-२५ दिन देखि र दानारबीउको रुपमा ९०(१०० दिनमा उत्पादन लिन सकिन्छ ।

**९. मेथी बालीमा कस्ता कस्ता कीराहरुको आक्रमण हुन्छ र तिनीहरुको कसरी व्यवस्थापन गर्नु पर्दछ ?**

यस बालीमा कीराहरुले त्यत्ति धेरै नोक्सानी गरेको पाइन्न । यदाकदा देखिने पात खाने लाभ्रे अथवा कोसामा लाग्ने गवारो देखिएमा मालाथायन १ मि.लि. प्रति लिटर पानीमा मिसाएर छर्दा रोकथाम गर्न सकिन्छ ।

**१०. मेथी बालीमा कस्ता कस्ता रोगहरु देखा पर्दछन् र तिनीहरुको व्यवस्थापन कसरी गरिन्छ ?**

मेथी बालीमाजरा कुहिने, थोप्ले, सिन्दुरे तथा पाउडरी मिल्ड्यू जस्ता रोगहरु लाग्दछन् । यिनीहरुको रोकथामको लागि डाईथेन एम-४५ वा बेभिष्टिन वा सल्फर २ ग्राम प्रति लिटर पानीमा मिसाई २(३ पटक छरेमा उल्लेखित रोगहरुलाई नियन्त्रण गर्न सकिन्छ ।

**११. मेथीलाई कुन कुन बेला सिंचाई दिन जरुरी हुन्छ ?**

यसलाई पहिलो सिंचाई बीउ छर्ने बित्तिकै दिनु पर्दछ । दोश्रो सिंचाई चिस्यानलाई हेरी २-३ दिन पछि र त्यसपछि ७(१० दिनको अन्तरालमा सिँचाई गरी रहनु पर्छ ।

**१२. मेथी खेतीमा गोडमेल कतिको जरुरी हुन्छ ?**

लाईनमा लगाईएको मेथी बालीलाई कुटो वा खुर्पीले गोडमेल गरेर झारपातनिकाली सफा राख्नु पर्दछ । धेरै बाक्लो उम्रेको ठाउँमा छाँटीरबेडाई दिनु पर्दछ जसले गर्दा बाली स्वस्थ्य रहने र उत्पादनमा वृद्धि हुन्छ ।

**१३. के मेथी खेतीको लागि टपड्रेस गर्न पनि जरुरी छ ?**

बढी उत्पादन लिनको लागि बीउ छरेको ३० दिन पश्चात् २०के.जी. नाईट्रोजनप्रति हेक्टर छर्नु पर्दछ ।

**१४. मेथीकोखेती गर्न कतिसम्म मलखादको प्रयोग गर्न उपयुक्त हुन्छ ?**

यसको लागि जमिन तयारीको अवस्थामा २०(२५ मे.टन गोबर र कम्पोष्ट मल, ३० के.जी. नाईट्रोजन, २५ के.जी. फास्फोरस, ४० के.जी.पोटास प्रति हेक्टर राख्नु पर्दछ ।

**१५. मेथीको बीउको उपचार कसरी गरिन्छ ?**

यसको १२ के.जी. बीउलाई एजोस्पिरिलम १.५ के.जी. र ट्राईकोडर्मा भिरिडी ५० ग्रामले उपचार गर्नु पर्दछ ।

# नियमित बजार अनुगमनमा गुण नियन्त्रण विभाग

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले मितिः २०८१/०५/२७ दैनिक रुपमा दुई वटा अनुगमन टोली खटाई काठमाडौं उपत्यका भित्र खाद्य पदार्थहरुको बजार अनुगमन कार्य गरिरहेको छ।

बेकरी सर्टेनिङ्गलाई शुद्ध घ्यू भनी प्याकिङ्ग गरी बिक्री वितरण गरिरहेको भन्ने उपभोक्ताको गुनासो विभागमा प्राप्त भएकोमा सो सम्बोधन गर्न निरीक्षण अनुगमन टोली खटाईएको छ। यसै सिलसिलामा मिति २०८१/०५/२७ का दिन का.म.पा.-११, एकता मार्ग, नयाँ बानेश्वरस्थित अर्जुन डेरी प्रा. लि. नामको खाद्य उद्योग निरीक्षण अनुगमन गर्ने क्रममा केहीमा ढुसी लागेको, लेबल विवरण उल्लेख नगरेको बटर १५ केजी ब्लक १६ थान र १ केजीको प्याकमा राखिएको बटर १० प्याकेट एकै ठाउँमा फ्रिजरमा राखेको पाइएको, ढुसी लागेको २५ केजी चिज भण्डारण कक्षमा फ्रिजमा राखेको पाइएको, लेबल विवरण नभएको Rancid Off Flavour भएको घ्यू १ केजीको वट्टा ३० थान र १/२ केजीको वट्टा २८ वटा भण्डारण कक्षमा रहेको पाइएको, बटरबाट घ्यू तयार गर्ने भाडो फोहोर अवस्थामा रहेको तथा घ्यू उत्पादनका लागि अनुमतिपत्र नलिएको पाइएकोले जिल्ला प्रशासन कार्यालय, काठमाडौंको प्रतिनिधिको रहोवरमा उद्योगको भण्डारण कक्ष सिलबन्दी गरिएको छ।

यसैगरी विभागको अनुगमन टोलीले टोखा नगरपालिका -४, काठमाडौं स्थित अक्वा एस.एस वेभेरेज प्रा. लि., र टोखा नगरपालिका-८, काठमाडौं स्थित पिस स्प्रिङ वाटर प्रा. लि., खाद्य उद्योगहरुको निरीक्षण अनुगमन गरी खाद्य स्वच्छता कायम गर्न आवश्यक निर्देशन दिनुका साथै लागि नमूनाहरु संकलन गर्ने कार्य गरेको छ।

गुणस्तर परिक्षणका खाद्य स्वच्छता गुणस्तर ऐन, २०८१ को प्रावधान बमोजिम निषेधित कार्यहरु नगर्न नगराउन सम्पूर्ण खाद्य उद्योगी व्यावसायीहरुलाई जानकारी गराइन्छ। अन्यथा ऐन बमोजिम कारबाही हुने व्यहोरा सूचित गरिन्छ।

यसैगरी विभागको अनुगमन टोलीले टोखा नगरपालिका-४, काठमाडौं स्थित अक्वा एस.एस वेभेरेज प्रा. लि., र टोखा नगरपालिका(८, काठमाडौं स्थित पिस स्प्रिंग वाटर प्रा. लि., खाद्य उद्योगहरुको निरीक्षण



अनुगमन गरी खाद्य स्वच्छता कायम गर्न आवश्यक निर्देशन दिनुका साथै लागि नमूनाहरु संकलन गर्ने कार्य गरेको छ।

गुणस्तर परिक्षणका खाद्य स्वच्छता गुणस्तर ऐन, २०८१ को प्रावधान बमोजिम निषेधित कार्यहरु नगर्न नगराउन सम्पूर्ण खाद्य उद्योगी व्यावसायीहरुलाई जानकारी गराइन्छ। अन्यथा ऐन बमोजिम कारबाही हुने व्यहोरा सूचित गरिन्छ।

खाद्य पदार्थको स्वच्छता र गुणस्तर सम्बन्धमा यस विभागमा प्राप्त मिति २०८१/०५/२८) गुनासो सम्वोधनका लागि मिति २०८१/०५/२९ गते शनिवारका दिन आकस्मिक बजार अनुगमन निरीक्षण (र्‍यापिड रेस्पोनस् मोडालिटिमा) गर्ने क्रममा अनुगमन टोलीले काठमाडौं-९, सिनामंगल स्थित प्राप्ति फुड प्रोडक्ट्समा अनुगमन गर्दा उद्योगको भण्डारण कक्षमा प्याक गरी लेवल नलगाएको अवस्थाको १ लिटरको ३० डब्बा घ्यू, करीव ३० केजी डीप फ्रजमा भण्डारण गरेको नौनी र करीव ५० लिटर तयारी घ्यू डूममा भण्डारण गरिएको पाइएको। उक्त घ्यूको गुणस्तरमा शंका लागेकाले बिक्रीवितरण नगर्न निर्देशन दिनुका साथै सो घ्यूको ऐन बमोजिम नमुना संकलन गरी परिक्षणका लागि प्रयोगशालामा पठाईएको छ।

खाद्य तथा गुण नियन्त्रण विभागको निरीक्षण खाद्य स्वच्छता आउने विश्वास

काठमाडौ भाद्र २९, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, बबरमहल, काठमाडौं खाउपत्यका भित्र खाद्य पदार्थहरुको निरीक्षण तथा अनुगमनका लागि विभागले दैनिक रुपमा दुई वटा अनुगमन टोली खटाई निरीक्षण अनुगमन कार्य गरिरहेको प्रेस विज्ञाप्ति मार्फत जानकारी दिइएको छ।

खाद्य पदार्थको स्वच्छता र गुणस्तर सम्वन्धमा यस विभागमा प्राप्त (मिति २०८१/०५/२८) गुनासो सम्वोधनका लागि आकस्मिक बजार अनुगमन निरीक्षण (र्‍यापिड रेस्पोनस् मोडालिटिमा) गर्ने क्रममा अनुगमन टोलीले भाटभटेनी सुपरमार्केट एण्ड डिपार्टमेन्टल स्टोर प्रा.लि., सातदोबाटोको तत्काल स्थलगत अनुगमन गर्दा खाद्य स्टोरमा (एएलकेइएन) ब्राण्डको उत्पादन मिति २१/११/२०२३, उपभोग्य मिति २१/११/२०२४ भएको ५५० ग्रामका स्विस स्टाइल एमयूइएसएलआई ८ प्याकेट तथा सोही ब्राण्डको उत्पादन मिति २३/१०/२०२३, उपभोग्य मिति २३/१०/२०२४ भएको ३७५ ग्रामका स्विस स्टाइल एमयूइएसएलआई प्याकेट रहेकोमा सो मध्ये एक प्याकेट खोली भित्रको खाद्य पदार्थको भौतिक अवलोकन गर्दा उजुरी गुनासो बमोजिम घुन किरा नदेखिएको र सोहि स्टकबाट अनुसन्धानका लागि १ थान नमूना संकलन गरिएको छ।

यसैगरी विभागको अनुगमन टोलीले बुढानिलकण्ठ नगरपालिका वडा नं १२, शिव मन्दिर, कपनस्थित भक्तपुर दही पसलको निरीक्षण अनुगमन गरेको छ। पसलले दूध दही, घ्यू, पनिर विभिन्न उद्योगबाट खरिद गरी बिक्री वितरण गरेको पाइएको, प्याक गरिएका खाद्य पदार्थमा लेवल नराखी दुग्ध पदार्थ बिक्री गरेको तथा खरिद बिलसमेत पेश गर्न नसकेको, लेबल विवरण नभएको घ्यू ५०० मि.लि. को ६ वट्टा र २०० मि.लि. को ३ वट्टा पाइएकोमा हाललाई सो घ्यू -५०० मि.लि., को ६ डब्बा र २०० मि.लि., को ३ डब्बा) अर्को आदेश नभएसम्मको लागि बिक्री वितरण नगर्न निर्देशन दिएको साथै विश्लेषण परिक्षणका लागि सो घ्यूको १ थान नमूना संकलन गरिएको छ।

# नार्कका कृषि वैज्ञानिकहरू माग राखेर आन्दोलनमा

काठमाडौं भाद्र ५, नार्कका आन्दोलनरत कर्मचारीहरूद्धारा एक विज्ञाप्ति प्रकाशित गरि नार्कसँग सम्बन्धित समस्या समाधान गर्नु पर्ने गरी माग पत्र अघि सारी धर्ना लगायत कार्यक्रमको आयोजना गरेको जनाएको छ ।

विज्ञाप्तिमा जनाए अनुसार कृषि प्रधान देशमा कृषिको भूमिकालाई आत्मसाथ गरी कृषि अनुसन्धान तथा देश सुहाउँदो प्रविधि विकास गरी कृषि क्रान्ति मार्फत नेपालको आर्थिक समृद्धि गर्ने अभिलाषाका साथ वि.सं.२०४८ सालमा तत्कालिन नेपाल सरकार कृषि सेवामा कार्यरत कर्मचारीलाई थप सेवा सुविधा दिएर अनुसन्धानको विशेष कार्यभारमा समाहित गराउने गरी नेपाल कृषि अनुसन्धान परिषद् ऐन, २०४८ मार्फत स्थापना गरिएको परिषद् नार्क विभिन्न व्यवस्थापकीय कमजोरीले गर्दा ओरालो लाग्ने स्थितिमा छ । अनुसन्धान कार्यलाई प्रभावकारी तथा द्रुत गतिमा सम्पादन गर्न आवश्यक विषयवस्तुलाई परिष्कृत बनाउने तथा संस्थागत हितका लागि संशोधन गर्नुको साटो केही व्यक्ति तथा समूहले गैर कानुनी तरिकाले विनियममा भएका विभिन्न पुर्ववत वैज्ञानिक व्यवस्थालाई अवैज्ञानिक बनाउने, समकक्षी लेखा/प्रशासनका कर्मचारीको भन्दा वैज्ञानिक कर्मचारीहरुको तलव कम निर्धारण गरी नार्कको उद्देश्य प्राप्तिका लागि मुख्य जिम्मेवार वैज्ञानिक समुहको मानमर्दन गर्ने, वैज्ञानिकहरुको मनोवल गिराएर पलायन हुन बाध्य बनाउने तथा संस्थालाई धराशायी बनाउने स्थिति सिर्जना गरिएको छ ।

यसै सन्दर्भमा समस्या सामाधान गर्न विगतमा पटक(पटक सरोकारवाला समूहले मौखिक तथा लिखित रुपमा आवाज उठाउँदै आईरहेकोमा पछिल्लो पटक सम्मानित उच्च अदालत पाटनमा दायर गरिएको मुदा नं.०८०-डब्लु-१८५८ मा “नेपाल कृषि अनुसन्धान परिषद्को मूल कार्य (कोर फङ्गसन)सँग सम्बन्धित वैज्ञानिक पद/तह को विगतमा भएका समकक्षी प्राविधिक/प्रशासनिक कर्मचारीसँगको समान आधारभूत मासिक तलवमानलाई असमान कायम गर्नु विभेदकारी भएको ठहर गरी सम्वत् २०८१/४/०१ बाट लागु हुने गरी समकक्षी कर्मचारीहरुसँग समान



हुने गरी तलवमान निर्धारण गरी कार्यान्वयन गर्नु गराउनु” भनी मिति २०८१/०२/०२ मा सम्मानित उच्च अदालतको परमादेश भई निरन्तर खबरदारी गर्दा पनि व्यवस्थापनले कार्यन्वयन गर्न आनाकानी गरेको प्रति हामी सम्पूर्ण वैज्ञानिक आक्रोशित भएका छौ । भद्र रुपमा गरिदै आएको आग्रहलाई बेवास्ता गरी वर्तमान नार्क व्यवस्थापनले अदालतको आदेश पालना गर्न नसक्ने तहसम्मको लाचारीपन देखाएको हुनाले २०८१ भाद्र ५ गते देखि चरणवद्ध विरोध तथा आन्दोलनको कार्यक्रम घोषणा गर्न बाध्य भएको सम्बन्धित सबैमा जानकारी गराउँछौं । विगतमा जस्तै झुठा आश्वासन र फेरि पनि झुक्याएर समय व्यतित गर्ने कुनै पनि प्रपञ्चको घोर भत्सना गर्दै अविलम्ब निकासका लागि सार्थक पहलकदमी लिन सम्बन्धित सबै पक्षमा आग्रह गर्दछौ । हाम्रो बिरोधका कार्यक्रमबाट अनुसन्धान तथा दैनिक प्रशासनिक कार्यमा पर्न जाने क्षति तथा असुविधाको सम्पूर्ण जिम्मेवार नार्क व्यवस्थापन नै हुने जानकारी गराउँदै हाम्रो आन्दोलनमा ऐक्यवद्धताको लागि सम्पूर्णमा हार्दिक अपिल गर्दछौ । विज्ञाप्तिमा उल्लेख छ ।

**आन्दोलनको कार्यक्रम :**

मिति २०८१ भाद्र ५ गते बुधवारदेखि केन्द्रीय कार्यालय सहित यस नेपाल कृषि अनुसन्धान परिषद् अन्तर्गतका सम्पूर्ण कार्यालयहरुमा अति आवश्यक गतिविधि जस्तै पशुपन्क्षी तथा माछाको दानापानी, बालीनालीमा सिंचाई, मलखाद तथा औषधी उपचार आदि बाहेक सम्पूर्ण कार्यालय कामकाज बन्द गर्ने ।

१. केन्द्रीय कार्यालयमा तालावन्दी ।

२. अन्य कार्यालयमा सम्पूर्ण दैनिक गतिविधि पुर्णरूपमा बन्द हुने गरी पेनडाउन ३. सम्पूर्ण कार्यालयका चार चक्के गाडी प्रयोग निषेध ।

४. आन्दोलनको एजेण्डामा केन्द्रीय कार्यालय परिसरमा छलफल ।

५. अविलम्ब माग पुरा नभएमा थप संघर्षका कार्यक्रम घोषणा गरिने ।

मागहरु

-सम्मानित उच्च अदालत, पाटनबाट “ने. कृ.अ.प. को मूल कार्य (Core function) सँग सम्बन्धित सम्पूर्ण वैज्ञानिक पद/तह को समान आधारभूत मासिक तलबमानलाई असमान कायम गर्नु विभेदकारी भएकोले सम्वत २०८१/४/०१ बाट लागु हुने तलबमान निर्धारण गरी कार्यान्वयन गर्नु गराउनु परमादेशको अविलम्ब कार्यन्वयन गर ।

-परिषद्लाई अनिर्णयको बन्दी बनाई अदालतको परमादेशको अपहेलना गर्ने असक्षम कार्यकारी निर्देशक, निर्देशकहरु र कानुनी सल्लाहकार तत्काल राजीनामा दे । (आन्दोलनको माग पूरा गरी परिषद्लाई अग्रगामी दिशानिर्देश गर्न सक्षम कार्यकारी निर्देशक तथा व्यवस्थापनको नियुक्ति गर ।

-मौजुदा विनियम तथा अन्य कार्यविधिमा गरिएको लेखा प्रशासनमुखी तथा व्यक्ति केन्द्रित चलखेलको छानविन गर ।

-ऐन, विनियम, सांगठनिक संरचना (ओ एण्डएम), हाल अलपत्र अवस्थामा रहेको पदपूर्ति प्रक्रियाको यथाशिघ्र निकास दे ।

-अदालतको आदेशअनुसार कायम हुने जेष्ठता बमोजिम सम्पूर्ण कार्यालयमा साधन स्रोत, सवारी साधन तथा अन्य सेवा सुविधा निर्धारण गर ।

-परिषद्को शाखलाई उच्च राख्दै अनुसन्धानमैत्री वातावरण कायम गर ।

मग राखि आन्दोलनको घोषणा गरेको छ ।

# कृषि यन्त्र मर्मत तथा सम्भार तालिम

काठमाडौं भाद्र २१, कृषि यान्त्रिकरणमा दक्ष जनशक्ति उत्पादन गर्ने उद्देश्यले यहि मिति २०८१ भाद्र १८ गते देखि दशदिने कृषि यन्त्र मर्मत तथा सम्भार तालिम



चितवनको भरतपुरमा सम्पन्न भएको छ। नेपाल कृषि मेशिनरी व्यवसायी संघ ( नामिया) र फिड द फ्युचर नेपाल युएसएआईडी एग्रिकल्चरल इनपुट्सको सहकार्यमा स्थानीय प्राविधिकहरूका लागि कृषि तथा सिंचाइका यन्त्रहरूको मर्मत तथा संभार तालिम सञ्चालनमा आएको हो।

तालिममा वारा, पर्सा, मकवानपुर, धादिङ, चितवन र नवलपरासी पश्चिम जिल्लाबाट २५ जनाको सहभागिता रहेको छ। तालिमका सहभागिले कुल ४० वटा सत्रमा सिप सिकेका थिए। जसमध्ये १० सैद्धान्तिक र ३० वटा प्रयोगात्मक सत्रहरु थिए। विदेशबाट फर्किएका, महिला, सिमान्तकृत समुह तथा मेशिनरी सम्बन्धी सामान्य ज्ञान भएका युवा जनशक्तिलाई सहभागिको रूपमा छनौंट गरिएको थियो। कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै नामियाका उपाध्यक्ष सुनिता न्हेमाफुकीले स्थानीय स्तरमा प्राविधक तयार गर्दै दिगो कृषि यान्त्रिकरणमा टेवा पुग्ने बताइन्।

नामियाका अनुसार फिड द फ्युचर नेपाल युएसएआईडी एग्रिकल्चरल इनपुट्सको प्रयोजनमा अझ दुई तालिमहरु नेपालगञ्ज र धनगढीमा आयोजना हुँदैछ। उक्त तालिम मार्फत थप ५० मेकानिकहरुले आफ्नो क्षमता विकास गर्नेछन्।

सरकारी तवरबाट पनि प्रविधि विस्तार प्राथमिकतामा परेको तर दक्ष प्राविधिक उत्पादन उपेक्षामा परेकाले निजी क्षेत्रबाट पहल शुरू गरिएको कुरा न्हेमाफुकीले जोड दिनुभयो। एक पालिका एक कृषि मेशिनरी वर्कशव स्थापना गर्ने योजना अनुसार दक्ष जनशक्ति उत्पादनमा केन्द्रीत भएको नामियाका अध्यक्ष कृष्ण शर्माले बताउनुभयो। शर्माले भन्नुभयो, "दुई दशकदेखि नेपालमा कृषि प्रविधि विस्तार भइरहेको छ तर कृषि यन्त्र सम्बन्धी प्राविधिक उत्पादनले गति लिएन। यसै अभावलाइ पूर्ति गर्न शुरूवात गरेका हौं। कृषि यन्त्र मर्मत सम्भारका लागि यो कार्यक्रमले थोरै भए पनि भूमिका खेल्ने विश्वास लिएका छौं।"

कार्यक्रमको उद्घाटन सत्रमा बागमति प्रदेश कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गतको कृषि तालिम केन्द्रका प्रमुख नारायण कुमार श्रेष्ठले सरकारले यस्ता कार्यक्रमसँग सहकार्य गर्ने प्रतिवद्धता जनाउँदै गाउँ स्तरमा तालिम दिएर कृषिमा योगदान गर्न सहभागीलाइ अनुरोध गर्नुभयो।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना चितवनका परियोजना कार्यान्वयन एकाइका प्रमुख महेश रेग्मीले परियोजनाले भावी दिनहरुमा यान्त्रिकरण विस्तार गर्दै जाने बताउनु भयो। जिल्ला कृषि विकास कार्यालयका प्रमुख झलक कँडेलले चितवन जिल्ला उर्वर भूमि रहेकाले प्राविधिक विस्तारले कृषि क्षेत्रमा टेवा पुग्ने बताउनु भयो।

चितवन उद्योग संघका अध्यक्ष सुर्य प्रसाद न्यौपानेले कृषि उद्यमशीलताका लागि कृषि प्राविधिकको भूमिमा माथि जोड दिनुभयो।

---

**कृषि वैज्ञानिक** .......

/ प्रशासनिक समूहका समकक्षी कर्मचारीबीच तलबमान लगायतका सेवा सुविधा विगतमा समान रहे पनि वि.सं. २०५७ साउन १ गतेदेखि अन्यायपूर्ण तरिकाले तलबमानमा त्रुटि भएको परिषद्का कर्मचारीहरुले बताउँदै आएका छन्।तलबमानमा गरिएको त्रुटीलाई सच्याई पाउँ भनि परिषद् समक्ष मौखिक र लिखित रुपमा पहल गरे पनि विभिन्न बहाना देखाएर परिषद्ले वैज्ञानिकको पक्षमा कुनै ठोस कदम नचालेको भन्दै गत चैत १५ गते उच्च अदालत पाटनमा रिट दायर भएको थियो। सोही रिटउपर अदालतले गत जेठ २ गते समान समकक्षी तहका प्राविधिक / प्रशासनिक कर्मचारीहरु भन्दा निज रिट निवेदकहरुलाई कम हुने गरी आधारभूत तलबमान कायम हुनु असमान र विभेदकारी भएकोले गत साउन १ गतेदेखि लागू हुनेगरी समकक्षी तथा प्राविधिक / प्रशासनिक कर्मचारीहरुसँग समान हुने गरी समानताको आधारमा तलबमान निर्धारण गरी कार्यान्वयन गराउन परमादेश दिएको थियो। 'आजका मितिसम्म सो फैसला कार्यान्वयन गर्न तर्फ परिषद् व्यवस्थापन उदासीन देखिएको छ', उनीहरुले जारी गरेको विज्ञप्तिमा भनिएको छ।

**स्रोत** : निरज रानाभाट


Radio Program Production Workshop
for
**Indigenous Journalists working in Indigenous Community Radio in Nepal**
November 25-27, 2022
Kathmandu
In partnership with: AMARC Asia-Pacific
Supported by: UNESCO Office in Kathmandu
Organized By: Indigenous Community Radio Network (ICRN)

# भारतमा प्याजमा १० प्रतिशत मूल्य घट्यो

काठमाडौं भाद्र २१, सेप्टेम्बर ६

भारतको केन्द्र सरकारले प्याजको मूल्य नियन्त्रण गर्न दिल्ली र मुम्बईमा आफ्नो बफर स्टकबाट प्याज बेच्न थालेपछि प्याजको मूल्यमा केही सुधार आएको छ। किसानहरूलाई थप मूल्य घट्ने चासो छ, । तर सरकारले मूल्य स्थिर गर्न क्रमिक रूपमा प्याजको बिक्री गर्ने योजना बनाएको छ।



मंगलबार १०% घटेपछि, प्याजको मूल्य शुक्रबार नासिकको लेसलगाउँ बजारमा केही सुधार भएको छ। केन्द्र सरकारले दिल्ली र मुम्बईमा प्याजको खुद्रा मूल्य नियन्त्रण गर्न आफ्नो बफर स्टकबाट प्याज बेच्न शुरू गरेको छ। जसले प्याजको मूल्य ६०(७० रुपैयाँ/किलोमा पुगेको छ।

केन्द्र सरकारले मंगलबार घोषणा गऱ्यो कि (नेशनल एग्रीकल्चरल कोअपरेटिव मार्केटिङ फेडेरेशन अफ इण्डिया) नेफ्ड र (नेशनल कन्ज्युमर को(अपरेटिव फेडेरेशन अफ इण्डिया) एनसीसीएफले दिल्ली र मुम्बईमा ३५ रुपैयाँ/किलोमा प्याज बेच्नेछ। यसले लेसलगाउँ बजारमा प्याजको मूल्य बिहानको व्यापारमा ४७ रुपैयाँ/किलोमा पुगेपछि ५ रुपैयाँ/किलोले घटाएको छ।

अगस्त ३१ मा, मूल्य ४७ रुपैयाँ/किलोमा पुगेको थियो। तर, ३ सेप्टेम्बरमा बजार खुल्नासाथ मूल्य ५ रुपैयाँ/किलो घटेको थियो। किसानहरूलाई थप मूल्य घट्ने चाँसो भए पनि, सरकारले बफर स्टकबाट प्याजको क्रमिक रूपमा बिक्री गर्ने योजना खुलाएपछि मूल्य केही सुधार भएको छ र स्थिरता आएको छ। सरकारले यो रणनीति मूल्य स्थिर गर्न प्रयोग गर्ने उद्देश्य राखेको छ। "शुक्रबार मूल्य सुधार भएको छ किनकि नेफ्डको प्याज क्रमिक रूपमा बजारमा आउनेछ। किसान र स्टकिस्टहरूले मौसम स्थिति अवलोकन गरिरहेका छन्, र सेप्टेम्बरमा भारी वर्षा हुने सम्भावना छ जसले प्याजको मूल्य थप बढाउने अनुमान गरिएको छ," नासिकको प्रमुख प्याज व्यापारीले भने, जसले पहिचान खुलाउन चाहेन।

सरकार प्याजको खुद्रा बिक्री एनसीसीएफ र नेफ्डको आउटलेट र मोबाइल भ्यानमार्फत, ई-कमर्स प्लेटफर्महरू, र प्रमुख उपभोग केन्द्रहरूमा केन्द्रीय भण्डार र सफलका आउटलेटहरू मार्फत गर्दैछ। "प्याजको मात्र र निस्तारण च्यानलहरू प्याजको मूल्य प्रवृत्तिका आधारमा वृद्धि, गहिरो, तीव्र र विविध बनाइनेछ," उपभोक्ता मामिला मन्त्रालयले एक विज्ञप्तिमा भनेको छ।

दिल्ली एनसीआर र मुम्बईमा प्याजको खुद्रा बिक्री बिहीबार शुरू गरिएको छ, र यसलाई कोलकाता, गुवाहाटी, हैदरावाद, चेन्नई, बैंगलोर, अहमदाबाद, रायपुर र भुवनेश्वरमा अर्को हप्ता शुरू गरिने योजना छ। मन्त्रालयले सेप्टेम्बरको तेस्रो हप्तासम्म सम्पूर्ण भारतमा वितरणको योजना बनाएको छ।

महाराष्ट्रका प्याज किसानहरूले सरकारले मूल्य नियन्त्रणको उपायमा निराशा व्यक्त गरेका छन्। "एकातिर सरकारले यो वर्ष खरीफ खेतीको क्षेत्रफल दुईगुणा भएको भन्छ, र अर्कोतिर प्याजको मूल्य घटाउन प्रयास गरिरहेको छ। यदि बजारमा प्याजको वास्तविक अभाव भएको भए मात्र केन्द्र सरकारले बफर स्टकबाट प्याजको बिक्री शुरु गर्नु पर्थ्यो," महाराष्ट्र प्याज उत्पादक संघका अध्यक्ष भरत डिघोले भने।

साभार : जयश्री भोसले, ईटी ब्युरोइकोनोमिटक टाइम्स, भारत

# डेरी एसोसिएसनको मेची महाकाली अवलोकन भ्रमण

नेपाल डेरी एसोसिएसन २०५५ सालमा विधिवत रुपमा दर्ता भई दुग्ध उद्योगीहरुको हक हितमा काम गर्दै आईरहेको संस्था हो।

*एसोसिएसन भित्र आफ्ना उद्योगीहरुको स्तरोन्नतीका लागि विभिन्न तालिम, गोष्ठि एवं अध्ययन अवलोकनका कार्यहरु हुने गर्दछन्।*

२६औं वर्षमा प्रवेश गरिरहँदा एसोसिएसनले सात प्रदेश र २३ वटा जिल्लामा आफ्नो संगठन बिस्तार भएको छ। विभिन्न उतारचढावको सामना गर्दै पालिका, जिल्ला, क्षेत्रिय कार्यालय लगायत सातै प्रदेशमा आफ्नो संगठन विस्तार गर्दै आज देशभर करिव ३२० दुग्ध उद्योगीहरु यस छाता संगठनको सदस्य बनेका छन्।

एसोसिएसन भित्र आफ्ना उद्योगीहरुको स्तरोन्नतीका लागि विभिन्न तालिम, गोष्ठि एवं अध्ययन अवलोकनका कार्यहरु हुने गर्दछन्। सोही अनुसार सुदुरपश्चिम प्रदेशले मेची महाकालीको ५ दिने अध्ययन अवलोकन भ्रमण सम्पन्न गरेको कुरा एसोसिएसनका सुदुरपश्चिम प्रदेश अध्यक्ष भुपेन्द्र थापाले जानकारी गराए। भ्रमण टोली धनगढीदेखि पूर्वको ईलामसम्म पुगि फर्केको छ। भ्रमणका क्रममा डेरी उद्योग, फार्म,विभिन्न धार्मिक एवं पर्यटकीय स्थलहरुको अवलोकन गरिनुका साथै उद्योगका विषयमा पनि जानकारी लिने दिने कार्य भएको थियो। अध्ययन गर्ने उदेश्यका साथ भ्रमण कार्यक्रम तय गरिएको कुरा भ्रमणमा सहभागी एसोसिएसनका केन्द्रिय उपाध्यक्ष कर्ण बहादुर हमालले बताए। भ्रमणमा सुदुर पश्चिम प्रदेशका पदाधिकारी एवं सदस्यहरुको सहभागी रहेको थियो। भ्रमण सुदुर पश्चिम प्रदेशको धनगढी स्थित

बाँकी २२ पृष्ठमा ........

# संयुक्त राष्ट्र संघ कृषि संगठनको सहयोगमा बन्यो तटवन्ध

काठमाडौं भाद्र ११, नदी किनारमा तटवन्धले खेत र वस्ती सुरक्षित राख्न मद्दत गर्दछ

चुरे उत्थानशील आयोजनाले हालसम्म नदी किनार स्थिरिकरण गर्नका लागि ९६ वटा तटवन्ध बनाएको छ, जसले ४० हजारभन्दा बढि मानिसलाई फाइदा पुऱ्याएको छ ।

सिन्धुलीको भताही खोलाको किनारमा फलामको ग्याबियन तारभित्र ढुङ्गा हाल्ने काम उत्साहपूर्वक गरिरहेकी छिन्, पदम कुमारी मगर सुख्खा याममा यो ‘खोला’मा ढुंगा र बालुवा मात्र हुन्छन् । त्यसको छेउमा तटबन्ध लगाउन करिब दुई दर्जन मानिस सक्रिय छन् ।

“हरेक वर्ष, वर्षामा यो खोलामा बाढी आउँछ र नजिकैको क्षेत्रहरूमा पस्छ । मेरो खेत यो खोलाको एकापट्टि छ । मेरी दिदीको खेत अर्को पट्टि छ । हरेक वर्ष बाढीले ती खेत बगाउँछ । तपाईंले हामीलाई तार जाली पनि दिनुभो । काम गर्ने मौका पनि दिनुभो । हामीले तटवन्ध पनि पायौं, काम पनि पायौं, त्यसैले हामी खुशी छौं । अब खेत जोगिएका छन् र खान पाइएला भनेर धेरै आश लागेको छ,'' मगर भन्छिन् ।

पदम कुमारी मगर कृषक हुन् र श्रीमान्, दुई छोरा र एक छोरी सहितको पाँच जनाको उनको परिवारको जीविकोपार्जनको मुख्यस्रोत खेती हो । हाल खोला किनारको एक छेउमा रहेको उनको खेतमा मकै छन्, र उनी अरू बेला धान र दाल पनि रोप्छिन् । हरेक वर्ष, उनी र उनको परिवार बाढीले खेतबारीको सबै उत्पादन लैजाला र खानको लागि केही बाँकी नछोड्ला भनेर डराउँछन् ।

“पोहोर साल मेरी दिदीको खेतमा बाढी पसेर खेतै लगेको थियो । मेरो भाञ्जाले बाँध बनाएर खेत जोगाउन निकै मिहिनेत गरेका थिए तर केही काम लागेन । त्यसैले अब चुरे उत्थानशील आयोजनाको सहयोगमा बनेको यो तटवन्धले काम गर्छ भन्ने आशा राखेका छौं । यसले हामीलाई हाम्रो खेतीबाट जीविकोपार्जन गर्न मद्दत गर्नेछ,'' उनी भन्छिन् ।

चुरे क्षेत्रमा बसोबास गर्ने मानिसहरूको जलवायू उत्थानशीलतामा सुधार गर्ने उद्देश्यले चुरे उत्थानशील आयोजनाले नदी किनारा स्थिरीकरण संरचनाहरू निर्माण गरिरहेको छ । हालसम्म आयोजनाले कोशी, मधेश, बाग्मती प्रदेशमा ९६ वटा तटवन्धहरू निर्माण गरिसकेको छ, जसबाट ४० हजार भन्दा बढि मानिसलाई फाइदा पुगेको छ ।

यी तटबन्धहरू प्रायः खहरे खोलाको छेउमा बनाइन्छन्, जुन सख्खा याममा ढुङ्गा, गिट्टी र बालुवाले भरिएका हुन्छन् । वर्षामा एक्कासी पानी पसेर यी खोलामा बाढी आउँछ । हिमालमा उत्पन्न भएर वर्षैभरी बग्ने नदी जस्तो नभएर यी खहरे खोला अप्रत्याशित हुन्छन्, यिनीहरूको मार्ग र मात्रा प्रत्येक वर्ष फरक हुन्छ । वर्षामा प्रायः यिनीहरूले बाटो बदलेर, कटान गरेर नजिकैका घर, वस्ती, संरचना र खेतहरू नष्ट गर्छन् ।



*सिन्धुलीको भताही खोलाको किनारमा फलामको ग्याबियन तारभित्र ढुङ्गा हाल्ने काम उत्साहपूर्वक गरिरहेकी छिन्, पदम कुमारी मगर सुख्खा याममा यो ‘खोला’मा ढुंगा र बालुवा मात्र हुन्छन् ।*

सिन्धुलीको सिस्ने खहरे खोला त्यस्को एउटा उदाहरण हो । खरको छानो भएका माटोका घरको एउटा आदिवासी जनजाती बाहुल्य भएको वस्तीको बीचबाट सिस्ने खहरे बग्छ । विगतमा, यो खोलाले धेरै घरपरिवारलाई विस्थापित गरेको थियो, जसमध्ये केही बसाइँ सरेर गाउँको पुछारमा गए भने केहीले वस्ती पूरै छोडेर तराई गए । यस वर्ष, चुरे उत्थानशील आयोजनाले खोलाको छेउमा तटबन्ध निर्माण गर्न मद्दत गरेको छ, जसले ३० घरलाई सुरक्षित गरेको छ । यहाँका बासिन्दा प्रेमबहादुर ठोकरले भविष्यमा बसाइँ सर्नु नपर्ने आशा राखेका छन् ।

“विगतमा खोलामा बाढी आउँदा हामी राती सुत्दैन थियौं । हामी रातभरी किनारमा गस्ती गर्थ्यौं, टर्चलाइट बालेरर'' ठोकर भन्छन् । “तर यो तटवन्धले हामीलाई राहत दिएको छ । यो वर्ष चाहिँ सुत्न पाइएला कि'' ।

चुरे उत्थानशील आयोजनाले प्रायः अति जोखिममा परेका समुदायहरूलाई बाढीलगायत जलवायू परिवर्तनका प्रतिकूल प्रभावहरूबाट जोगाउन काम गर्छ । तीमध्ये एक हुन्, सिस्ने खहरेको किनारमा बस्ने दिलमाया वाइबा । उनी आफ्नो थोरै जमिनमा खेती गरेर, अरूको खेतमा ज्याला मजदुरी गरेर, र बाखा पालेर जीविकोपार्जन गर्छिन् । यिनै क्रियाकलापबाट उनले छोराछोरी / आफूसँगै बस्ने अपाङ्गता भएकी दिदीको लालन पालन पनि गर्छिन् । हरेक वर्ष वर्षामा बाढीले खोलाको किनार भत्काएर घरमा छिर्ने डर उनलाई हुन्छ ।

“यस वर्ष, हामीले धेरैस्रोतहरूबाट रकम उठाएर यो तटवन्ध निर्माण गरेका छौं । चुरे उत्थानशील आयोजनाले हामीलाई यस तटवन्धको एउटा खण्ड बनाउन मद्दत गऱ्यो, जसले पक्कै पनि हाम्रा घरहरू ध्वस्त हुनबाट जोगाउनेछ,'' उनी भन्छिन् . “महिलाले यो पर्खाल बनाए । महिला र पुरुष मिलेर यसमा योगदान गरे । कत्ति राम्रो, हैन त ?“ उनी सोध्छिन् ।

# गाजर खेती प्रविधि



**परिचय :**
गाजर जरे परिवारको यो एक महत्वपूर्ण बाली हो । यसको उत्पत्ति मध्ये एशियाबाट भएको मानिन्छ । यसको पहेंलो, सुन्तला रङ्गका जरा काँचै वा अन्य तरकारीसित मिसाई पकाउन सकिन्छ । गाजरमा प्रशस्त भिटामिनहरू हुन्छन् । यसलाई त भिटामिन एको प्रमुख स्रोतको रुपमा लिइन्छ । भिटामिन ए. बाहेक यसमा भिटामिन बी.सी., के आदि पनि प्रशस्त छन् । यसबाहेक क्याल्सियम, फसफोरस, फलाम जस्ता खनिज पनि छन् ।

**हावापानी :**
गाजर खेतीको लागि १८ डि.से. देखि २० डि.से. सम्मको तापक्रम उपयुक्त हुन्छ राम्रो जरा विकास २० डि.से. मा हुन्छ । अधिक तापक्रममा गाजरको जराको रङ्ग हरियो हुन थाल्दछ । कम तापक्रममा जरा ढिलो गरी बढ्छ । यस्तोमा गाजर लामो वा छोटो हुन्छ । यसको लागि नरम खुकुलो माटो आवश्यक पर्दछ । यो प्रकाश मनपराउने बिरुवा भएको हुँदा अन्य बालीको छायाँमा फस्टाउन सक्दैन ।

**वानस्पतिक विवरण तथा जात पहिचान :**
गाजरको विरुवाले पहिले जरा बनाउँदछ । त्यसपछि हुकु निस्कन्छ र बीउ लाग्दछ । साना मसिना बीउ आकारम जीराजस्ता तर भुस भएका हुन्छन् ।

**बाली चक्र र लगाउने समय :**
काठमाडौं उपत्यकामा यसको खेती बाह्रै महिना गरिन्छ । यसको परम्परागत समय भने उच्च पहाडमा जेष्ठ साउनमा रोपी साउन असोजमा उखेलिन्छ । मध्य पहाडमा यसलाई भाद्र असोजमा लगाई मंसिर पुसमा बाली लिइन्छ । तराई क्षेत्रमा यसलाई असोज कार्तिकमा लगाई मसिर माघमा उखेलिन्छ ।

**जग्गा तयारी तथा मलखाद :**
गाजर खेतीको लागि जमिन गहिरो गरी खनेको हुनु आवश्यक छ । माटोको अम्लीयपना ६.५ जति हुनुपर्छ । ज्यादै अम्लीय जमिनमा जरा बढ्न सक्दैन। पाकेको गोबर मल वा कम्पोष्ट एक टन प्रतिरोपनी हाल्नुपर्छ गाजरमा गोबरको प्रयोगबाटे जरा विभाजित हुन्छ । रासायनिक मलको हकमा ५ किलो डि.ए.पी. र २ किलो म्युरेट अफ पोटास जग्गा तयारीमा हालिन्छ ।

**बीउ रोपण :**
गाजरको बीउ ढिलो गरी उम्रन्छ। यस्तो ढिलोपनलाई छोट्याउन बीउलाई पानीमा केही घण्टा भिजाएर रोपिन्छ । यसलाई रामरी तयार पारेको जमिनमा लाईनमा वा छरेर रोपिन्छ । लाईनमा रोप्दा एक लाईनदेखि अर्को लाईनको दुरी ४५ से.मि. राखिन्छ । लाईनमा १० से.मि. को फरकमा पर्ने गरी बीउ खसालिन्छ। एक रोपनी जग्गामा २५०( ३०० ग्राम बीउ लाग्दछ। माटोको उपयुक्त चिस्यानमा यो एक हप्तामा उम्रन्छ ।

**गोडमेल र सिंचाई :**
गाजर उमेपछि गोडमेल, झारपातको नियन्त्रण र सिंचाईको प्रबन्ध गरिनु आवश्यक छ । रोपेको बीउ सिफारिश गरिएको दुरी भन्दा बाक्लो छ भने बेडाउन अति आवश्यक छ । उम्रेका बेर्नाहरू शुरुको अवस्थामा ढिलो गरी बदछन् र यस अवस्थामा झारपातले छोप्नेहुँदा तिनको नियन्त्रण गर्नु आवश्यक छ। गोडमेल गरेर झारपातको नियन्त्रण गरिन्छ । माटोको चिस्यान हेरी १(२ पटकसम्म सिंचाई दिनु लाभदायक छ ।

**बाली संरक्षण :**
गाजरमा आक्रमण गरी हानीगर्ने कीराहरूमा लाही पात खाने लाभे आदि पर्दछन् । यसको नियन्त्रणको लागि घरेलु विषादी वा नुमान छर्कन सिफारिश गरिन्छ ।
रोगहरूमा गाजर बालीमा भाइरस रोग, जरा कहिने रोग र पातको थोप्ले रोग लाग्दछ। भाइरस रोगको रोकथामको लागि त्यो रोग सार्ने कीरा (भेक्टर-लाही वा अन्य) को नियन्त्रण गर्न जरुरी छ ।

**बाली तयार तथा फसल उत्पादन :**
जातको आकार र तयार हुने अवधि हेरी गाजरको बाली उखेलिन्छन् । यो प्रति रोपनी ६००-७०० किलोसम्म फल्दछ ।

**प्रशोधन, भण्डारण तथा बजार व्यवस्था** :उखेलेर गाजर राम्ररी धोई पखाली मुठा पारी बेचिन्छन् । ठूलो परिमाणमा पात काटी जराहरू काठको टोकरी वा बाकसमा बन्द गरी ढुवानी गरिन्छ । गाजरलाई उपयुक्त वातावरणमा लामो अवधिसम्म सुरक्षित राख्न सकिन्छ । शून्य डि.से.र ९३-९८ प्रतिशत सापेक्षिक आर्द्रतामा यो ६ महिनासम्म भण्डारण गर्न सकिन्छ ।

**स्रोतः** तरकारीबाली विकास केन्द्र, खुमलटार, ललितपुर

---

**डेरि एशोसिएसनको .......**
श्रीराम डेरी उद्योगको परिसरबाट शुरु गर्दै लुम्बिनी प्रदेशको तुल्सिपुर स्थित मोर्डन गाई फार्म अवलोकन गर्दै फार्मका संचालक एवं एसोसिएसनका केन्द्रिय उपाध्यक्ष रेशम बहादुर खड्कासँग भेट गरि मायाको चिनो आदानप्रदान प्रदान गर्दै फार्म अवलोकन गर्न क्रममा पशुपालन सम्बन्धि धेरै कुरा सिक्ने र सिकाउने अवसर प्रप्त भएको कुरा उपाध्यक्ष खड्काले बताए ।
कार्यक्रममा विभिन्न ऐतिहासिक, धार्मिक र पर्यटकीय स्थलहरुमा समेत भ्रमण गरिएको थियो । भ्रमणको क्रममा रुरु क्षेत्रको धार्मिक स्थल, ईलामको चिया बगान, सिन्धुली गढी लगायत अन्य थुप्रै स्थानहरुको भ्रमण गरिएको थियो। अबलोकन क्रममा एसोसिएसनका वरिष्ठ उपाध्यक्ष एवं समाजसेवी राजन चिमरिया संचालक रहेको झापाको धाइजनमा अवस्थित रितिका डेरी उद्योग अवलोकन गरि केन्द्रिय महासचिव हेमचन्द्र खनाललाई भेटघाट गरि विभिन्न विषयमा छलफल तथा भलाकुसारी गर्दै भ्रमण कार्यक्रमलाई समापन सहित सुदुरपश्चिम प्रदेशको यात्रा समापन भएको थियो ।
यसरी एक ठाउँबाट अर्को ठाउँ र एक उद्योगबाट अर्को उद्योगमा जाँदा, हेर्दा र कुराकानी गर्दा धेरै कुरा सिक्न र सिकाउन सकिने हुन्छ । एसोसिएसनले यस्ता कार्यक्रमलाई जहिले पनि पहिलो प्राथमिकतामा राखेको हुन्छ । यसै कारण एसोसिएसनका केन्द्रिय र प्रादेशिक बैठकहरु पनि स्थान परिवर्तन गर्दै पालैपालो गरिने गरिएको छ । एसोसिएसनले स्वदेशी एवं विदेशी अवलोकन भ्रमण गर्दा नयाँ नयाँ कुराहरु सिक्ने पाइने र आफ्नो उद्योगमा सोही कुरा लागु गर्दा उपयोगी हुने हुन्छ । हरेक वर्ष कहिँ न कहिँ कोहि न कोहि सदस्यहरु गइनै रहेका हुन्छन् । गत साल बंगला देश, कतार, इजरायल, भारत लगायतका देश भ्रमण गरिएको थियो भने यस साल श्रीलंका र अब तत्काल चाइना जाने तयारी रहेको कुरा एसोसिएसनका केन्द्रिय अध्यक्ष प्रल्हाद दाहालले बताए ।।

# उत्पादकत्व वृद्धि गर्न जोड दिन्छु : मन्त्री अधिकारी



काठमाडौं भाद्र ११, कृषि तथा पशुपन्छी विकास मन्त्री रामनाथ अधिकारीले कृषि लगानी दशकमा उत्पादन र उत्पादकत्व वृद्धि गर्न सरकारी, निजी, सहकारी तथा विकास साझेदारको लगानी वृद्धि गरी व्यावसायिक खेतीका लागि युवा जनशक्तिलाई आकर्षित गर्न संघीय सरकारले काम अघि बढाएको बताएका छन् ।

प्रदेशका कृषि मन्त्रीहरूसँग मंगलबार मन्त्रालयमा राखिएको विषयगत समितिको बैठकमा मन्त्री अधिकारीले कृषि क्षेत्रको उत्पादन, उत्पादकत्व वृद्धि, आधुनिकीकरण, व्यवसायीकरण तथा बजारीकरणलाई जोड दिएर कार्यक्रम बनाउन प्रदेशका कृषि मन्त्रीहरूलाई आग्रह गरेका हुन् ।

कृषि मन्त्रालयले त्यसको मार्गचित्र तयार गरी जानकारी दिंदै आफ्ना लागि आफैं उत्पादन गर्ने र स्थानीय उत्पादनलाई संघीय, प्रदेश र स्थानीय सरकारले प्रोत्साहन गर्नुपर्नेमा जोड दिए । उत्पादक र उपभोक्ताबीच रहेको खाडल हटाउन तीनै तहका सरकारहरूले पहल लिनुपर्नेमा जोड दिए । रैथाने उत्पादनहरूलाई मन्त्रालयले प्रोत्साहन गर्ने नीति बनाउने बताउँदै मन्त्री अधिकारी कृषि उपजहरूमा बढ्दो बिसादीको प्रयोगप्रति पनि चिन्ता व्यक्त गरेका छन् ।

किसान सूचीकरण र वर्गीकरणको काम भइरहेको जानकारी गराउँदै कृषि मन्त्री अधिकारीले दसैंपछिबाट किसान कार्ड वितरण गर्ने तयारीमा मन्त्रालय रहेको पनि जानकारी गराए । कृषि अनुदान व्यापक दुरुपयोग भएको गुनासो आएकाले तत्काल मन्त्रालयले अनुदान लानेको नाम सार्वजनिक गर्ने तयारी गरेको जनाउँदै मन्त्री अधिकारीले प्रदेशका मन्त्रीहरूसँग पनि त्यसका लागि सहयोग गर्न आग्रह गरेका छन् ।

कृषि अनुदानमा रहेको दोहोरोपना हटाउनु पर्नेमा आवश्यकता औंल्याउँदै अधिकारीले तीनै तहको सहकार्यमा मात्र उक्त काम सम्भव हुने बताए । उखु र दुग्ध किसानको बक्यौता रकम दसैं अगाडि नै उपलब्ध गराउने गरी आफूले प्रयास गरी रहेको जानकारी गराउँदै मन्त्री अधिकारीले रासायनिक मल खरिद प्रक्रियालाई छिटो र छरितो बनाउन पनि मन्त्रालयले काम गरिरहेका प्रदेशका कृषि मन्त्रीहरूलाई जानकारी गराएका छन् ।

कृषि क्षेत्रको उत्पादन, उत्पादकत्व वृद्धि, आधुनिकीकरण, व्यवसायीकरण तथा बजारीकरणको स्पष्ट मार्गचित्र तयार गर्ने, कृषि अनुसन्धान नीति तर्जुमा गर्ने, वडा स्तरमा नमुना फार्म स्थापना गरी सिकाइ केन्द्रको रूपमा विकास गर्ने,उन्नत बिउ, बेर्ना, दाना, नस्ल, बच्छी मात्र जन्मने वीर्य, औषधी, खोप, माछाका भुराजस्ता सामग्री स्वदेशमै उत्पादनमा जोड दिन कृषि मन्त्री अधिकारीले आग्रह गरे ।

वन तथा वातावरण मन्त्रालय सँगको सहकार्यमा सामुदायिक वनहरूमा फलफूलका बिरुवा रोपण गर्ने,कृषियोग्य बाँझो जमिन एकीकरण गरी सामूहिक खेती, करार खेती एवं सहकारी खेतीको प्रवर्द्धन, ठुला सिँचाई कमान्ड क्षेत्र भित्र सङ्घीय कार्यालय सहित कृषि कार्यक्रम सञ्चालन गर्ने सहितका कार्यक्रम र लक्ष्य मन्त्रालयले राखेको कृषि अधिकारीले बताए । कृषि विधेयक, सङ्क्रामक पशु रोग विधेयक, पशु कल्याण विधेयक तथा बीउ बिजन नियमावली मन्त्रालयबाट अगाडि बढाएको जनाउँदै अधिकारी आफ्नो प्राथमिकता र कार्यक्रमहरू पनि बाहिर ल्याएका छन् ।

३ वर्षभित्र पी पी आर र बंगुरको हैजा उन्मुलन गरिने

खोरेत रोग नियन्त्रणका लागि पालिकामा ९० प्रतिशत गाई भैसीमा खोप अभियान सञ्चालन गर्ने जनाउँदै मन्त्री अधिकारीले सबै जिल्लामा करिब ६५ प्रतिशत गाई भैसीमा खोप अभियान चलाउने जनाए । कोशी प्रदेशका केहि पालिकामा यसै वर्ष अभियान सुरु गर्ने जनाउँदै मन्त्री अधिकारीले भेडा बाखामा लाग्ने संक्रामक रोग पी पी आर र बंगुरमा देखा पर्ने बंगुरको हैजा बिरुद्ध मुलुकभर नै पूर्ण खोप अभियानको लागि खोपको व्यवस्था गर्ने जनाए । ३ वर्षभित्र पी पी आर र बंगुरको हैजा उन्मुलन गरिने प्रतिवद्धता उनले जनाए । याक र भेडामा कृत्रीम गर्भाधान शुरुवात गर्ने जनाउँदै अधिकारीले अनलाइन रोग रिपोर्टिङ्ग प्रणाली सबै स्थानीय तह मार्फत हुने गरी सञ्चालन गरिने प्रतिवद्धता जनाए ।

कोशी र गण्डकी प्रदेश बाहेकका प्रदेश मन्त्रीहरू उपस्थित बैठकमा विगतका विषयगत समितिमा भएका निर्णयहरूको समीक्षा,कृषि क्षेत्रमा राष्ट्रिय तथा प्रादेशिक प्राथमिकता तथा उपलब्धिहरूको समीक्षा, मल खाद व्यवस्थापन तथा विक्री वितरण,दुग्ध कृषकको रकम भुक्तानीका विषयमा छलफल भएको थियो ।

त्यसले बाली तथा पशुपन्छीजन्य रोग किरा, खोप, महामारी तथा क्वारेन्टाइनका विषय, किसान सूचीकरण कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन, कृषि बीमा कार्यक्रम प्रभावकारी रुपमा संचालन, कृषिमा लगानी दशकको अवधारणा पत्र तथा राष्ट्रिय कार्ययोजना निर्माण, कृषि विकास रणनीतिको पुनरावलोकन तथा परिमार्जन,कोल्ड स्टोरेज तथा चिस्यान केन्द्रको विद्युत महसुलमा छुट, भ्याक्सिन प्रभावकारी रुपमा लगाउने तथा खोरेत मुक्त क्षेत्र घोषणा, दुग्धजन्य उत्पादनहरुको खपत बढाउने र आउदो सिजनमा दुधको व्यवस्थापन, कृषि क्षेत्रमा संचालित आयोजनाहरुको प्रभावकारी कार्यान्वयन, बाली तथा पशुपन्छीजन्य रोग किरा नियन्त्रणका लागि आन्तरिक क्वारेन्टाइन सबलीकरण र अनुदान प्राप्त गरेका कृषक तथा व्यवसायीहरुको विवरण सार्वजनिकीकरण जस्ता एजेण्डाहरूमा बैठकमा छलफल भएको थियो ।

# स्याउ खेती प्रविधि

**परिचयः**
स्याउ खेती शितोष्ण हावापानी भएको ठाँउमा राम्रो हुन्छ। रोजेजी परिवारमा पर्ने स्याउको वानस्पतिक नाम मालस डोमेस्टिका हो। आकर्षक बनोट, मिठो स्वाद, सजिलै खान सकिने हुनाले र मानव स्वास्थ्यलाई पनि फाइदाजनक हुने हुनाले स्याउ सबैको लोकप्रिय फल बनेको छ । बच्चादेखि वृद्धसम्म हरेक व्यक्ति स्याउ भनेपछि हुरुक्कै हुन्छन् । स्याउबाट केक, अचार, जुस, वाइन, रक्सि आदिसमेत बनाउन सकिन्छ । पाकेको स्याउको फलमा प्रसस्त मात्रामा भिटामिन र खनिज तत्व पाइन्छ । स्याउको सेवनले क्यान्सर, मुटुको रोग, दम आदिबाट जोगिन सकिन्छ । थोरै लगानी गरेर स्याउ खेतीबाट प्रसस्तै आम्दानी गर्न सकिन्छ ।

**स्थान :**
स्याउ बगैंचा स्थापना गर्नु अगाडि स्थल छनोट सबैभन्दा प्राथमिकता आवश्यकता हो । बगैंचाको सफलता असफलता पूर्णतया यसमा निर्भर गर्दछ । बगैंचाको लागि ठाउँको छनौट गर्दा निम्न पूर्वाधारहरु भएको ठाउँ उपयुक्त हुन्छ ।
- पहिले देखि स्याउको बगैंचा स्थापना भएको ठाउँ ।
- कृषि सामाग्री एवं ज्यामी सजिलै उपलब्ध हुने ठाउँ ।
- यातायातको राम्रो सुविधा भएको ठाउँ।
- बजारको राम्रो व्यवस्था भएको ठाउँ ।
- उत्तरी मोहोडा भएको जग्गा ।
- तुषारो तथा असिना नपर्ने क्षेत्र ।

**हावापानी :**
नेपालमा समुन्द्र सतह देखि २००० मीटर देखि ३००० मीटर उचाई सम्म स्याउको खेती गर्न सकिन्छ । विभिन्न जातका स्याउको लागि विभिन्न चिसोको आवश्यकता भएपनि समग्र रुपमा न्यूनतम् तापक्रम (७ डि.से. देखि १० डि.से. सम्म पग्ने ठाउँमा यसको खेती सफलता पूर्वक गर्न सकिन्छ । स्याउको उत्पादन तथा गुणस्तरमा वर्षा बढी भएको ठाउँ भन्दा वर्षा कम भएको ठाउँमा राम्रो भएको पाइन्छ । यस कारण मुस्ताङ्गको स्याउ अन्य ठाउँको स्याउ भन्दा राम्रो भएको पाइन्छ ।

**माटो :**
स्याउ खेती धेरै प्रकारको माटोमा गर्न सकिने भएता पनि निम्न अनुसारको गुण भएको माटो उपयुक्त मानिन्छ ।
-पानीको निकासको राम्रो प्रवन्ध भएको र चिस्यान रहिरहने तथा पानी नजम्ने माटो ।
- माटोमा विरुवालाई चाहिने प्रशस्त तत्वहरु भएको (नाईट-ोजन, फस्फोरस, पोटास, क्यालसियम तथा म्याग्नेसियम) ।
- थोरै अम्लीय माटो (पि.एच. ५.५-६.५)
- दोमट वा भारी दोमट माटो ।

**स्याउका जातहरु :**
कोपिला फक्रन, फुल फुल्न र फल लाग्न आवश्यक पर्ने चिस्यानको आधारमा



*बगैंचाको लागि ठाउँको छनौट गर्दा निम्न पूर्वाधारहरु भएको ठाउँ उपयुक्त हुन्छ ।*

स्याउको विभाजन

**बढी चिसो आवश्यक पर्ने जातहरु :**
यी जातको स्याउलाई १००० घण्टा भन्दा बढी समय ७ डि.से. भन्दा कमको चिसो समयको आवश्यकता पर्दछ। यी जातहरु नेपालको समुन्द्र सतह देखि २००० देखि ३००० मि. को उचाइमा लगाउन सकिन्छ । यी जातहरु निम्न छन् :
क. रेड डेलिसियस
ख. स्टारकिङ्ग डेलिसियस
ग. गोल्डेन डेलिसियस
घ. रोयल डेलिसियस
ङ. जोनाथन
च. रिचारेड

**मध्यम चिसो चाहिने जातहरु :**
यी जातका स्याउलाई ६००-१००० घण्टा सम्म ७ डि.से. भन्दा कमको चिसो समयको आवश्यकता पर्दछ । यी जातहरु नेपालको समुन्द्र सतह देखि १५०० देखि २००० मि. को उचाइमा लगाउन सकिन्छ । यी जातहरु निम्न छन् :
क. क्रिस्पिन
ख. कटजा
ग. रेड जुन
घ. किङ्ग अफ पिपिन
ङ. कक्स आरेन्ज पिपिन
च. स्टुगर पिपिन

**कम चिसो चाहिने जातहरु :**
यी जातका स्याउलाई ४०० देखि ६०० घण्टा सम्म ७ डि.से. भन्दा कमको चिसो समयको आवश्यकता पर्दछ । यी जातहरु नेपालको समुन्द्र सतह देखि १२०० देखि १५०० मि. को उचाइमा लगाउन सकिन्छ । यी जातहरु निम्न छन् :
क. अन्ना
ख. भेरेड
ग. नियोमी
घ. ट्रोपिकल ब्युटी

**बगैंचाको योजना :**
एक पटक विरुवा रोपी सकेपछि पुनः पछि कुनै सुधार गर्न सकिदैंन । तसर्थ विरुवा रोप्न भन्दा अगाडि नै कुन तरिकाले रेखाङ्कन गरेर विरुवा लगाउने हो सो को जग्गाको संरचना हेरेर गर्नु पर्दछ ।

**बिरुवा लगाउने दूरी :**
विरुवा लगाउने दूरी निम्नानुसार कायम गरिन्छ ।
क. पुड्के जातहरुः ८(१२ फिट (२.५-४ मिटर)
ख. अर्ध पुड्के जातहरुः १५-२० फिट (५-६ मिटर)

ग. अग्ला जातहरुः २५-३० फिट (८-९ मिटर)

**बिरुवा लगाउने समय :**

स्याउको विरुवा शुषुप्त अवस्थामा वा पालुवा नआउदैं रोपेको खण्डमा राम्रो हुने भएकाले हिउँदमा रोपिन्छ। स्याउ लगाउने ठाउँको आधारमा पौष माघमा रोप्ने गरिन्छ ।

**तालिम तथा काटछाँट :**

स्याउका बोटहरुलाई आफुले चाहेको स्वरुप वा आकार दिन जुन किसिमको काटछाँट गरिन्छ, त्यसलाई तालिम भनिन्छ। स्याउमा काटछाँट माघको अन्तिम देखि फाल्गुनको अन्त्यसम्म राम्रो हुन्छ । विरुवाको बिचको भाग तथा पातमा बढी हावा तथा प्रकाश पुर्याउन जसले गर्दा विरुवालाई बढी खाद्यतत्व उपलब्ध हुने र फलको गुणस्तरमा पनि वृद्धि हुन्छ ।

**मलखाद :**

मलखादको मात्रा माटोको किसिम, माटोको उर्वराशक्ति, स्याउको बोटको उमेर, लगाइने गरेको अन्तरवाली, हावापानी आदिमा निर्भर गर्दछ। बगैंचाको माटो जाँच गरी खाद्यतत्वको अवस्था अनुसारको मल प्रयोग गर्नु उचित हुन्छ। साधारणतया स्याउ बगैंचा प्रयोग गर्नु पर्ने मलखादको मात्रा निम्न अनुसारको रहेको छ ।

**सिँचाइ/गोडमेल :**

स्याउमा चिस्यानको कमीका कारण फलर फुल झर्ने समस्या देखिन सक्छ । खासगरी वैशाख, जेठ, आषाढ महिनामा यदि बढी सुख्खा लागेमा ८-१० दिनको फरकमा सिँचाईं दिइराख्नु पर्दछ। सिँचाईंगर्दा बोटको २ फिट गहिरो भागको माटो नभिजे सम्म पानी दिई रहनुपर्दछ । वर्षाद शुरु भएपछि झारपातको समस्याले सताउने हुँदा झारपात नाशक विषादी वा गोडमेल गरिरहनु पर्दछ ।

**स्याउको फल टिप्ने :**

फल पूर्ण परिपक्क भएको अवस्थामा टिप्नु पर्दछ। परिपक्क स्याउले बजार मूल्य राम्रो पाउने गर्दछ। फल नपाकी टिपेको खण्डमा फल सानो,अमिलो,रंग नचढेको तथा स्वाद राम्रो नभएको हुन्छ । यसै गरी बढी पाकेपछि स्याउ टिपेमा स्याउ फल बोटबाटै झर्ने, रंग फिक्का हुने स्याउ स्वादिलो नहुने तथा स्याउमा वाटर कोर (Water core ) तथा बिटर बिट (Bitter bit) जस्ता विकृतिहरु देखापर्दछ ।

**ग्रेडिङ र प्याकिङ :**

फल टिपि सकेपछि फल छानी ग्रेडिङ गरी काठको बाकस वा कार्टुनमा प्याक गरी बजारमा बिक्रि गर्न लग्नुपर्दछ वा भण्डारण गर्नु पर्दछ ।

**किराहरु :**

स्याउमा लाग्ने प्रमुख किराहरु निम्नानुसार रहेका छन् ।

१. सेतो भुवादार लाही किरा (Wooly aphids): स्याउको कलिलो मूना, हाँगाहरुमा सेतो भुवाले ढाकेको जस्तो हुन्छ । यसले कलिलो भागको रस चुसेर खाएर नोक्सान गर्दछ ।

**व्यवस्थापन:**

किरा शुरुमा देखिएको छ भने सो हाँगाको किरा हातैले कपडा वा बोराको सहयोगमा मार्न सकिन्छ ।

( एफिनस माली पनि प्रयोग गर्न सकिन्छ।

( किटनासक विषादी प्रयोग गर्न सकिन्छ ।

२. स्याउमा लाग्ने कत्ले किरा (क्बलवयकभ कअबभि): यो किराले रुखको मुल स्तम्भ र हाँगाबाट रस चुस्दछ। जसले गर्दा बोट फष्टाउन सक्दैन। साथै फलको पनि रस चुसेर खान्छ ।

**व्यवस्थापन:**

( किरा लागेको र सुकेको हाँगाहरु हटाउने।

